वर्ष : १७, अंक : २१, काठमाडौं, २०७८ भाद्र १८ गते शुक्रबार, 3 September 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## ‘भदौ २२ पछि सरकारमा’

जनकपुरधाम । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले भदौ २२ गतेपछि सरकारले पूर्णता पाउने बताएका छन् । जनकपुर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै भदौ २२ गतेपश्चात् सरकारमा आफ्नो दल सहभागी हुने बताए । गठबन्धन दलहरुबीच मन्त्रालय बाँडफाँड विषयमा कुनै विवाद नरहेको उनले जानकारी गराए । गठबन्धन दलबीच भएको सहमतिअनुसार नै सरकार सञ्चालन भएको भन्दै उनले सरकार सञ्चालनका विषयमा शीर्ष नेताबीच छलफल भइरहेको बताए । लोकतान्त्रिक गणतन्त्रलाई समाप्त पार्न भएको खेललाई पाँचदलीय गठबन्धन बनेको र उद्देश्य पूरा नहुञ्जेलसम्म गठबन्धन रहिरहने उनको भनाइ छ । समतामूलक समाज स्थापना नभएसम्म आफ्नो पार्टी संघर्ष गरिरहने उनले बताए । उनले महन्थ ठाकुरलाई अरु कसैले प्रयोग गरिरहेको आरोप पनि लगाए । अध्यक्ष यादवले आफ्नो पार्टीले महन्थ नेतृत्वको लोसपासँग कुनै प्रतिस्पर्धा नहुने जिकिर गरे ।

## ‘उपेन्द्रको उद्देश्य पद र पैसा मात्र’

वीरगञ्ज । नवगठित लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का केन्द्रीय कार्यकारिणी सदस्य एवं सांसद विमल श्रीवास्तवले जसपा अध्यक्ष उपेन्द्र यादवको उद्देश्य पद, धन र विलासिताको जीवन रहेको आरोप लगाएका छन् । बुधबार वीरगञ्जको नारायणी अस्पतालमा निर्माण भएको अक्सिजन प्लान्टको उदघाटन गर्दै उनले आफू दुर्भाग्यले कुनै बेला यादव नेतृत्वको पार्टीमा रहेको बताए । यादवले मधेश र मधेसीको नाममा राजनीतिक गरेर मधेशीलाई नै बेचेको आरोप लगाए । ‘मैले उनको उद्देश्य जम्मा तीन वटा देखेँ,’ यादवलाई इङ्गित गर्दै उनले भने, ‘पहिलो उद्देश्य जुनसुकै हालतमा पनि पदमा बस्नै पर्ने, दोस्रोमा धन कमाउनै पर्ने र तेस्रोमा विलासिताको जीवन ।’

# जसपा फुटसँगै फाटेको मधेशी मन

## सत्ता समर्पण, मुद्दा विसर्जन प्रवृत्ति रोकिएन

मधेशवाणी डेस्क

काठमाडौं । मधेशको अधिकारको लागि लड्ने प्रतिवद्धता गरी मधेशी जनताको मत लिएर संसदसम्मको यात्रा गर्ने मधेशी दलहरु आफू आफूबीच नै लड्दा मधेशको माग र अधिकार संकुचित भएको छ । मधेशीको अधिकारको लागि दल खोल्ने नेताहरु त्यसभित्र आफै नअटाउँदा मधेशको मन कुल्चिएको छ । मधशसँग घनिष्ठ सम्बन्ध भन्न रुचाउने दलहरू सत्तासँगको संघर्षकालमा ऐक्यबद्ध हुने तर सत्ताको समिप पर्नासाथ विभाजित हुने राजनीति मधेशमा अब पुरानो भइसकेको छ ।

संगठित भएको एक वर्षमै जनता समाजवादी पार्टी (जसपा) अग्रगामी सत्ता र प्रतिगामी सत्तालाई सरकारमा अड्याउन विभाजित भएको छ । निर्वाचन आयोगबाट जसपाको आधिकारिता उपेन्द्र यादवले पाए पछि महन्थ ठाकुरले लोकतान्त्रिक समाजादी पार्टी ( लोसपा) नामक नयाँ दल दर्ता गराएका हुन् । मधेशको लागि एक भएर लड्ने भनेर एकीकृत भएर जसपा बनाएका यी नेताहरु दुई चिरामा विभाजन भएपछि मधेशी जनमा निराशा छाएको छ ।

विश्लेषकहरुकाअनुसार पार्टीको औपचारिक निर्णयविपरीत ओली नेतृत्वको सरकारमा जाने महन्थ ठाकुरको निर्णय नै जसपामा फुटको बिजारोपण हो । तर जसपा विभाजनमा ठाकुरसँगै यादव पनि उत्तिकै जिम्मेवार हुन । कुनै राजनीतिक सिद्धान्तभन्दा पद र प्रतिष्ठका लागि नै पार्टी विभाजन भएको हो । तात्कालीन प्रधानमन्त्री केपी ओलीलाई समर्थन गर्ने कि नगर्ने विवाद उत्कर्षमा पुग्दा आफनो प्रतिष्ठा जोगाउन नै जसपा विभाजनको मुख्य कारण बनेको हो ।



अन्ततः न ओली सरकार रह्यो न उनलाई टिकाउन पुगेका टेकोहरू नै रहे । जसपाभित्र परेको चिराले नेताको मात्र नभई मधेशको मन पनि फाटेको छ । मधेशले चाहेको बलियो, कसिलो मधेशी शक्ति हो । उनीहरू मिल्दा मधेशको मतको वजन पनि बढ्छ भन्ने विश्वास मधेशी जनतामा छ । २०७२ को निर्वाचनमा सहकार्य गर्दा मधेशको मतको भार संघीय समाजवादी र राजपा पक्षमा परेको थियो । जसका कारण यी दुई दलले प्रदेश २ अर्थात् कोर मधेशमा सरकार बनाउन सफल भए । मतकै मागअनुसार पछि दुवै दल एकीकरण पनि भए ।

जसपा फुटेपछि मधेशको मत पनि बाँडिन्छ । २०६४ देखि २०७२ सालसम्मको निर्वाचनमा मधेशी दललाई परेको मतलाई मूल्यांकन गर्दा पहिलो संविधानसभामा मधेशी एक ढिक्का हुँदा मधेशभरि जितको झन्डा फहराएको मधेसी जनअधिकार फोरम चिरा पर्दा दोस्रो संविधानसभा निर्वाचनमा अखाडामै नराम्ररी पछारिएको थियो । अब आउने निर्वाचनमा पनि असर देखिने निश्चित छ ।

मधेशी शक्ति भनेर लोकप्रिय जसपा आफूलाई राष्ट्रिय पार्टी भनेपनि यसको जनाधार र तागत मधेश नै हो । मधेशी शक्ति संगठित हुँदा मधेशको मनमा भरोसाको पालुवा पलाउँछ । शक्ति विभाजित हुँदा मधेशको मन फाट्छ । मधेशी शक्तिमा फुट नयाँ होइन, यसअघि पनि पटक-पटक भएका छन् । मधेशमा रंगभेदको अन्त्य गर्न २००८ सालमा कुलानन्द झा नेतृत्वको तराई कांग्रेस २०१५ को पहिलो संसदीय निर्वाचनपछि विभाजित भए । त्यसपछि २०४० सालमा गजेन्द्रनारायण सिहंले सद्भावना परिषद् गठन गरे ।

बहुदल आएलगत्तै २०४७ वैशाखमा सिंहले सद्भावना पार्टी गठन गरे । पहिलो आम निर्वाचनमै सिंह नेतृत्वको सद्भावना पार्टीले संघीयताको नारा बुलन्द गरे । पछि सद्भावना पनि विभाजनको सिकार भएर टुक्राटुक्रामा छरिए । मधेशको मुद्दा बोकेर नेता बन्ने सत्तामा पुगेपछि मुद्दा बिसाउने क्रम चलिरह्यो । जसका कारण मधेशी जनमा आक्रोश र असन्तुष्टिको आकार बढ्दै थियो । जसलाई क्यास गर्न उपेन्द्र यादवले मधेसी जनअधिकार फोरम खोले । संघीयता र रंगभेदको अन्तको मुद्दा बोकेका यादव २०६३ माघ १ मा जारी अन्तरिम संविधानमा संघीयता उल्लेख नभएपछि माइतीघरमा संविधानको प्रतिलिपि जलाए । उनी पक्राउ परेपछि मधेशमा आन्दोलन उठ्यो । आन्दोलन व्यापक बनेपछि मधेसी जनअधिकार फोरम, उपेन्द्र यादव र मधेशको पहिचान स्थापित भयो । मधेसी जनअधिकार फोरम दलका रूपमा २०६४

बाँकी अन्तिम पृष्ठमा

## जनकपुरमा जनमतको केन्द्रीय सचिवालय



जनकपुरधाम । जनमत पार्टीले जनकपुरधाममा केन्द्रीय सचिवालयको कार्यालय खोलेको छ । राम मनोहर यादवले ‘शहादत प्राप्त गरेको’ दिन सम्झिँदै केन्द्रीय अध्यक्ष डा. सीके राउतले पार्टीको झण्डा फहराएर जनकपुरको भानु चोकमा सचिवालयको उद्घाटन गरे । त्यस अवसरमा अध्यक्ष राउतले सचिवालय परिसरमा वृक्षरोपणसमेत गरे । बाँकेमा मधेशी नेता उपेन्द्र यादवलाई कालो झण्डा देखाउने क्रममा यादव पक्राउ परेका थिए । पक्राउ परेका यादवको प्रहरी हिरासतमै एक सातापछि मृत्यु भएको थियो । जनमत पार्टीले यादवलाई शहिद भन्दै आएपनि सरकारले घोषणा गरेको छैन । अध्यक्ष डा. राउतले यादव लगायतका ज्ञात-अज्ञात सबै शहिदको सपना साकार पार्न संघर्ष जारी रहेको बताए । अगामी निर्वाचनलाई लक्षित गरेर जनमत पार्टीले संगठन विस्तारसहितका गतिविधि अघि बढाएको छ ।

## कांग्रेस महाधिवेशन प्रक्रिया सुरु

काठमाडौं । नेपाली कांग्रेसको १४औं महाधिवेशन प्रक्रिया शुक्रबारबाट सुरु हुँदैछ । कांग्रेस विधानअनुसार सबैभन्दा तल्लो तहको अधिवेशनअन्तर्गत भोलिबाट वडा अधिवेशन सुरु हुने भएको हो ।

तर सबै जिल्लाका क्रियाशील सदस्यता एकैपटक सार्वजनिक नहुँदा वडा अधिवेशनका लागि तोकिएको मिति भने जिल्लाअनुसार नै फरकफरक हुने भएको छ । भदौ १८ गतेबाट भदौ २३ सम्म ७७ वटै जिल्लामा कांग्रेसले वडा अधिवेशन सम्पन्न गर्ने छ । कांग्रेसले हालसम्म ५६ जिल्लाको क्रियाशील सदस्यता नामावली पार्टीको वेबसाइटमा सार्वजनिक गरेको छ ।

सोहीअनुसार निर्वाचन अधिकृत तोकिएका जिल्लामा अधिवेशन शुक्रबारबाट सुरु हुन लागेको हो । यसअघि, केन्द्रीय समिति बैठकले तोकेको कार्यतालिकाअनुसार भने भदौ १८ मा नै वडा अधिवेशन हुने उल्लेख छ । यद्यपि, केही जिल्लाका सदस्यता सार्वजनिक गर्न बाँकी र केन्द्रीय निर्वाचन अधिकृत तोक्न बाँकी रहेकाले अधिवेशनको मिति पनि एक दुई दिन हेरफेर हुने भएको हो ।




जिल्लामा हुने निर्वाचन मिति भने प्रमुख निर्वाचन अधिकृत र जिल्ला नेतृत्वले सहमतिमा तोक्नेगरी कांग्रेस केन्द्रले अधिकार प्रत्यायोजन गरेको छ । कांग्रेसले २१ जिल्लाको क्रियाशील सदस्यता नामावली भने केही प्राविधिक विषय मिलाउनुपर्ने भएकाले सार्वजनिक गरिसकेको छैन । कांग्रेस केन्द्रीय निर्वाचन समिति संयोजक महादेवप्रसाद यादवले आगामी भदौ १८ अघि नै बाँकी जिल्लाको क्रियाशील सदस्यता नामावली सार्वजनिक गरिने दाबी गरे ।



अब कांग्रेसको नेतृत्व मधेशीले गर्नुपर्छ : सांसद तेजुलाल चौधरी

अन्तर्वार्ता पृष्ठ ३ मा

## जसपाका १३ सांसदले रोजे लोसपा

जनकपुरधाम । जसपाबाट अलग भएर दर्ता भएको महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का लागि प्रदेश २ का प्रदेशसभा सदस्यहरुले सनाखत गराएका छन् । जसपा छोडेर नयाँ पार्टीमा प्रवेश गरेका प्रदेश २ का प्रदेशसभा सदस्यहरुले निर्वाचन आयोगको कार्यालय पुगेर सनाखत गराएका हुन् । निर्वाचन आयोगले नयाँ दलमा जान चाह्ने जनप्रतिनिधिहरुलाई भदौ १ गतेदेखि भदौ २२ गतेसम्मको समय दिएको छ । लोसपाको पक्षमा जसपा छोडेर १३ जना प्रदेशसभा सदस्यहरुले सनाखत गराएका हुन् ।

लोसपाको पक्षमा सनाखत गर्ने प्रदेशसभा सदस्यहरुमा सुरिता साह, जयनुल राइन, बबिता चौधरी, निलम देवी भूमिहारिन, अलका झा, गौरीनरायाण साह, जानकीशरण साह, परमेश्वर साह, रमेशप्रसाद कुर्मी, बाबुलाल साह, प्रहलाद गिरी गोस्वामी र डिम्पल झा रहेका छन् । यस्तै जितेन्द्र सोनल, अभिराम शर्मा लगायतका प्रदेशसभा सदस्यहरुले पनि सनाखत गराएका छन् । प्रदेश २को प्रदेशसभामा तत्कालिन समाजवादी पार्टीबाट ३० र तत्कालिन राजपाको तर्फबाट २५ गरी जसपाको कुल ५५ प्रदेशसभा सदस्यहरु रहेको थियो ।

## बाढी प्रभावित क्षेत्रमा तत्काल राहत देउ : लोसपा

काठमाडौं । महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालले बाढी प्रभावित क्षेत्रमा तत्काल राहत, उद्धार र क्षतिपूर्तिको कार्य प्रारम्भ गर्न माग गरेको छ । लोसपा अध्यक्ष ठाकुरले शनिबार एक विज्ञप्ति जारी गरी प्रभावित क्षेत्रमा नियन्त्रणका लागि दीर्घकालीन योजना कार्यान्वयन गर्न सरकारसँग माग गरेको छ । केन्द्रीय कार्यालय बबरमहलमा शनिवार बसेको पार्टी बैठकले प्रभावित क्षेत्रमा तत्काल राहत, उद्धार र क्षतिपूर्तिको कार्य प्रारम्भ गर्न र बाढी नियन्त्रणको स्थायी उपायको निम्ति दीर्घकालीन योजना कार्यान्वयन गर्न माग गरेको हो ।

बैठकपछि अध्यक्ष महन्थ ठाकुरले विज्ञप्ति जारी गरेर तराई-मधेश लगायत देशका विभिन्न जिल्लामा अविरल वर्षाको कारण आएको भीषण बाढी र जलजमावले घर-बस्ती र कृषि पैदावारको व्यापक क्षति भएकोतर्फ ध्यानाकर्षण जनाएका छन् । ठाकुरले बाढीका कारण ज्यान गुमाएका परिवारहरुप्रति सम्वेदना र सहानुभूति प्रकट गर्दै पार्टी पंक्तिलाई पीडितहरुको उद्धार र राहत कार्यमा खटिन निर्देशन दिएका छन् ।

## ‘यस्ता अनैतिक सभामुख मैले संसारमै देखेको छैन’

काठमाडौं । जनता समाजवादीबाट निष्कासित नेतृ सरिता गिरीले सभामुख अग्निप्रसाद सापकोटाप्रति कडा टिप्पणी गरेकी छन् ।

दलहरुले गरेको एकै प्रकारको कारवाहीलाई पनि फरक फरक व्याख्या गरेर फरक निर्णय दिएको भन्दै उनले सभामुखका रुपमा सापकोटाले बसिरहन नसुहाउने तर्क गरेकी हुन् ।

नेपालले जारी गरेको नक्साविरुद्ध उभिएको भन्दै २०७७ जेठमा जसपाले गरेको कारबाहीलाई सभामुख सापकोटाले तत्कालै कार्यान्वयन गरेर आफ्नो सांसद पद खोसिदिएको पनि गिरीले बताएकी छन् ।

’सभामुख अग्नि सापकोटाजी राजीनामा दिनुस् र सभामुख पदको गरिमा बचाइ दिनुस् । तपाईं सभामुख हुने योग्य व्यक्ति होइन’, उनले फेसबुकमा भनेकी छन्, ‘मेरो सांसद सदस्यताबारे तपाईंले हतार हतार आफनो पनि कुरा थपी निर्णय गरी मेरो सांसद सदस्यता खानुभयो । कानुनले तपाईंलाई आफनो कुरा थप्न अधिकार दिएको छैन ।’

गिरीले निर्वाचन आयोगले जसपाबारे निर्णय गरिसकेर दुवै पार्टीका नेतालाई प्रमाण पत्र लिन बोलाइ सके अवस्थामा पनि सभामुखले राजनीतिक पूर्वाग्रह राखेर कारवाही गरेको उनको तर्क छ । ‘निर्वाचन आयोगले प्रमाणपत्र लिन बोलाउँदा पनि तपाईंको निर्णय पर्खिबसेका जसपाको दुवै पक्षका नेता प्रमाण पत्र लिन गएनन’, उनले भनेकी छन्, ‘त्यो दिन शुक्रवार थियो । आइतवार तपाईंले सूचना निकाल्नु भयो । नेताहरु त्यस दिन सम्राटको चालमा हिँड्दै निर्वाचन आयोगबाट प्रमाणपत्र लिएर जसपा भएका थिए ।’ उनले सभामुखले त्यसबेला न्यायको हत्या गरेको पनि आरोप लगाएकी छन् । ‘न्यायको हत्या त्यस दिन पनि भएको थियो र जसपा पनि टिकेन । तपाईं त्यसदिन बाबुरामजीको कार्यकर्ता हुनुभयो । मेरो आँखा पनि खुल्यो’, उनले थपेकी छन्, ‘म कहिले पनि मधेसी दलमा लाग्ने छैन । म कट्टरपन्थी कम्युनिष्टको विरोधी भएको छु । उनीहरुको हातमा कानुन बाँदरको हातमा नरिवल जस्तै छ ।’

तर आफ्नो हकमा हतार हतार कारवाही चलाएका सभामुखले यस पटक एमालेको हकमा निर्वाचन आयोगमा नेकपा समाजवादी एकीकृत दर्ता भइसकेपछि निर्णय दिएर कानुनको दुरुपयोग गरेको उनले आरोप लगाएकी छन् । ‘यस पटक सांसदबारे तपाईंले ढिलो निर्णय गर्नुभयो। किनभने निर्वाचन आयोगमा नेकपा एकीकृत दर्ता हुने प्रक्रियामा थियो’, उनले थपेकी छन्, ‘पार्टी ( एमाले) बाट तपाईंले कारवाहीको पत्र पहिला नै पाइसक्नु भएको थियो। तर समयमा निर्णय गर्नुभएन । दाँत



सरिता गिरी

भराउन जानु भयो ।’

उनले सभामुखको यो कार्यलाई अनैतिक भनेकी छन् । ‘यस्तो अनैतिक सभामुख संसारमा कतै भएको उदाहरण पाउन गाह्रो हुन्छ’, गिरीले अन्तिममा भनेकी छन्, ‘न्यायको हत्या भएपछि कुर्सी त हल्लिन्छ नै, सभामुखज्यू । मैले न्यायको हत्या गर्ने सबैको हबिगत देखिरहेको छु ।’

## सम्पादकीय

# लोसपाको भविष्य

निर्वाचन आयोगमा अहिले ९७ वटा राजनीतिक दल सूचीकृत छन् । पछिल्लो पटक नेकपा एमाले विभाजित भई बनेको नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी विभाजित भई लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सूचीकृत भएका हुन् । दुवै दलले पार्टीको नाममा 'समाजवाद' शब्द समावेश गरेका छन् । यसरी दलको नाममै 'समाजवाद' वा 'समाजवादी' विशेषण राखेर निर्वाचन आयोगमा दर्ता भएका दलहरूको सङ्ख्या एक दर्जन पुगिसकेको छ ।

दुवै पार्टीमा केन्द्रदेखि स्थानीय तहसम्मै विभाजनको रेखा देखिएको छ । अलग्गिएका दुवै नयाँ पार्टी अहिले आफ्नो सङ्गठन बलियो बनाउनेमा केन्द्रित छन् । निर्वाचन आयोगले भदौ २२ सम्ममा प्रदेश सभाका सांसद तथा स्थानीय तहका जनप्रतिनिधिलाई दल रोज्ने समय दिएकाले अहिले प्रदेश र स्थानीय तहमा दल रोज्ने क्रम चलिरहेको छ ।

जसपाका विभाजनले मधेशको राजनीतिमा निकै ठूलो प्रभाव पारेको छ । प्रदेश २ मा जसपाका १० सदस्यले लोसपा रोजेका छन् । प्रदेश सभा सँगसँगै स्थानीय तहका जनप्रतिनिधिलाई पनि दल रोज्ने अधिकार दिइएकाले भदौ २२ सम्ममा विभाजनको रेखा वडा तहसम्म खिचिनेछ ।

विभाजित जसपाभित्र लामो समयदेखि आन्तरिक मतभेद रहेको भए पनि गत पुसमा पहिलो पटक भएको प्रतिनिधि सभा विघटनले दल विभाजनको विजारोपण गरेको हो । त्यसपछि विकसित घटना क्रममो एमाले अध्यक्ष केपी ओलीले दुई पटकसम्म गरेको संसद विघटनको पक्ष र विपक्षमा पार्टी उभिएपछि जसप एमाले विभाजन भएको हो ।

**मधेशको नयाँ पार्टी लोसपाको अगाडि अहिले चुनौतीको चाङ्ग छ । उसलाई देशैभर नभएपनि कम्तीमा मधेशमा नयाँ संगठन निर्माण गर्नुका साथै आगामी चुनावमा पनि केन्द्रित हुनु परेको छ । साथै नेता तथा कार्यकर्ता पनि जोगाउनु उसको लागि थप चुनौती छ ।**

राजनीतिक घटनाक्रम र तत्कालीन जसपाभित्र चर्किएको रडाकोले अन्नतः दल विभाजन आवश्यक महसुस भएको हो ।

जसपा विभाजित भएपछि प्रदेश २ मा महन्थ ठाकुर पक्षलाई बढी क्षति भएको छ । प्रदेश २ मा जसपाको संस्थापन पक्ष अर्थात् उपेन्द्र यादव नै प्रदेशसभा र स्थानीय तहमा बलियो देखिएका हुन् भने लोसपा पार्टी गठन गरेका महन्थ ठाकुर समूहलाई बढी क्षति भएको हो ।

समाजवादी पार्टीसँग एकता गर्नुपूर्व राजपाले प्रदेश तहमा संगठन नै निर्माण नगरेका कारण अहिले महन्थ ठाकुर पक्ष कुन अवस्थामा छ र कति क्षति भयो भन्ने आँकलन गर्न कठिनाई भए पनि संघीय सांसद र केन्द्रीय कार्यकारिणी समिति सदस्यका हिसाबले ठाकुर पक्षलाई क्षति नै भएको देखिन्छ । तत्कालीन राजपा नेपालका ६ जना अध्यक्षमण्डल सदस्यमध्ये दुईजना जसपाको मूल धारमा सामेल भएका छन् ।

प्रधानमन्त्रीबाट केपी ओली सरकारको पतनसँगै दुई कित्तामा विभाजित मधेशी दलका नेता-कार्यकर्ताबीच एकअर्कालाई हुर्मत लिने काम भयो जसले फुटको असरलाई मलजल गऱ्यो । सैद्धान्तिक भन्दा आरोप, प्रत्यारोप र विषवमनको शृंखलाले जसपा विभाजन भएकोमा कुनै सन्देह छैन ।

विगतको टुटफुटको लामो र नैराश्यपूर्ण यात्राबाट गुज्रिँदै पछिल्ला दिनहरूमा एकीकृत हुँदै गएका मधेशी दलहरूप्रति मधेशी जनतामा अलिकता भए पनि भरोसा पलाएकै थियो पछिल्लो विभाजनसँगै त्यो भरोसामा तुषारापात छाएको छ ।

मधेशको नयाँ पार्टी लोसपाको अगाडि अहिले चुनौतीको चाङ्ग छ । उसलाई देशै भर नभएपनि कम्तीमा मधेशमा नयाँ संगठन निर्माण गर्नुका साथै आगामी चुनावमा पनि केन्द्रित हुनु परेको छ । साथै नेता तथा कार्यकर्ता पनि जोगाउनु उसको लागि थप चुनौती छ । कमजोर धरातलमा बनको लोसपाको भविष्य नेताहरुको कर्मठता र व्यवहारमा निर्भर छ । विगत जस्तै करनी र कथनीमा फरक व्यवहार नेताहरुबाट पुनः प्रदर्शित भयो भने लोसपाले जनताको आकर्षणको केन्द्र बन्न सक्दैन ।

# सत्तालिप्सा र नागरिक अधिकारका कुरा

**विचार - विश्लेषण** भाग-१०६



उपेन्द्र झा

**पूर्ववत् मधेशको धरातलबाटै उठ्ने आन्दोलनले मात्र मधेशलाई जोड्न सक्दछ । समग्र मधेशको एकतालाई पुनर्जीवित गर्न सक्दछ । अहिलेका पार्टीहरु चारित्रिक रुपले यति स्खलित भइसकेको छ कि आफ्नो प्रदेशको मधेशीले विश्वास गर्दैन, अरुले के विश्वास गर्ने । अधिकार आन्दोलन सम्बोधन नभएसम्म उठिरहन्छ ।**

नागरिक अधिकार प्राप्तिका लागि संघर्ष अगाडि बढाउने राजनीतिक दलको नेतृत्व गर्ने राजनीतिकर्मीहरुमा सवल नैतिकता, चरित्रमा शुद्धता, एजेण्डाप्रति अडान, त्याग र निष्पक्ष व्यवहार गर्ने आचरण हुन जरुरी हुन्छ । अधिकार आन्दोलनलाई सत्तापक्षले बडो गम्भीरतापूर्वक हेरिरहेको हुन्छ । संघर्षमा आमजनता होमिएका कारण नेतृत्वकर्ताको जनताप्रतिको जिम्मेवारी धेरै महत्वपूर्ण हुन्छ । जनताको अधिकार सुनिश्चित गर्न ज्यानको बाजी लगाउने वीर शहीदले रगत बगाएर जहाँ नेतृत्वकर्ताको राजनीतिक प्रतिष्ठा स्थापित गर्दछ, त्यहीं राजनीतिकर्मीहरु पनि जनताप्रति सधैं जिम्मेवार रहनु आवश्यक हुन्छ । एउटा क्रान्तिकारीमा चाहिने उपरोक्त गुणहरु ह्रास भएमा संघर्षको सिंगो सञ्जाल धराशायी हुन जान्छ । त्यसपछि राजनीतिक पार्टीको क्रान्तिकारी छवि समाप्त हुन्छ ।

मधेश राज्यबाट सधैं भेदभावमा परी उत्पीडन सहँदै आएको र शदियौंपछि राज्य विरुद्ध विद्रोह गर्न सफल भएको थियो । मधेशमा राज्यले गरेको दोहन शोषणको समयावधि, शदियौं भेदभाव तथा वञ्चितीकरणको पीडा, राज्यद्वारा विदेशी सरहको दुर्व्यवहार आदि सबै पीडाको आँकलन गर्दा मधेशका नेतृत्वकर्ताहरु पूर्ण प्रतिबद्ध हुनुपर्ने अवस्थामा सबै सत्तामुखी भएकोले मधेशको अधिकारका कुरा अब सपना बनेको छ । शहीदको बलिदानलाई आफ्नो निजी स्वार्थ पूरा गर्ने काममा प्रयोग गरेको छ ।

सत्ताका लागि पार्टी फुटाएर अवसर खोज्ने, चुनाव जित्न जातिवादी नारा दिने, भ्रष्टाचारबाट कमाएको पैसा फ्याँकेर चुनाव जित्ने आदि सत्तामुखी राजनीतिका कारण मधेशलाई हरेक क्षेत्रबाट टुक्रा-टुक्रा गरेपनि कुनै पछुतो छैन । मानवीय तथा क्रान्तिकारी चरित्रको सट्टामा छल, प्रपञ्च, जाल, फरेब, धोका अनिवार्य योग्यता कायम भएको छ । कसरी जित्ने, सत्ता प्राप्त गर्ने र कसरी धनलाभ गर्ने यही प्रवृत्तिको परिधिभित्र मधेशका कथित क्रान्तिकारी पार्टी स्वेच्छाले गुलामी स्वीकार गरेका छन् । गुलामीको यो बन्धनमा जीवनको सुखद् अनुभूति रहेकोले यसबाट मुक्ति पाउनु मृत्युवरण गर्ने सरह नै हुने बुझेका छन् ।

मेची महाकालीको मधेश ( समथर क्षेत्र) सम्पूर्ण क्षेत्र राज्यसत्ता विरुद्ध विद्रोह गरेर आफ्नो अटूट एकता प्रदर्शन गरेको थियो । मेची महाकालीसम्म फैलिएको मधेशले नेतृत्व पंक्तलाई विश्वास गरेर सबैको प्रतिष्ठा स्थापित गरेको थियो । यस हिसावले मधेशका सबै नेताले मधेशप्रति पूर्ण जिम्मेवार र बफादार हुनु पर्दथ्यो । तर नेतामा पाइने गुण नैतिकता, सच्चरित्रता, त्याग, इमान्दार र निष्पक्षता आदिको अभावमा विपरीत चरित्रका राजनीति अगुवाहरु "मधेश विद्रोह" को १५ वर्ष नबित्दै मधेशवादबाट जातिवादको राजनीतिमा सीमित भएको छ ।

मधेश अधिकारका कुरा अब सत्ता प्राप्त गर्ने अवसरको रुपमा उठ्ने गर्दछ । राज्यसत्ताले आफ्नो प्रतिष्ठा अवमूल्यन गऱ्यो भने उग्र क्रान्तिकारी स्वरमा आन्दोलन गर्ने, नाकाबन्दी गर्ने धमकी दिएर आफ्नो स्थान सुरक्षित गर्दछन् । कहिलेकाँही (अवसर नपाएको बेलामा) मधेशको आवाज उठाएर मधेशलाई चुप लागेर बस्न बाध्य पारेका अगुवाहरु आफ्नो स्वार्थ पूरा गर्ने संस्थागत प्रयासमा लिप्त भएका छन् ।

पार्टीभित्र नैतिक चरित्र, त्याग, इमान्दारी, अनुशासन, निष्पक्षता आदिको अभावमा भएमा त्यहाँ अराजकताले स्थान पाउँछ । मधेशका पार्टीहरु अहिले अराजक जमात नै पालेको छ । पार्टीलाई अराजक बनाउने नेतृत्ववर्गले हो । उनको स्वेच्छाचारिताले पार्टी प्रणालीको धज्जी उडाएको छ । पैसा दिने बाहिरका मानिसलाई समानुपातिक सिट बेचेर पार्टीका पूराना कार्यकर्ताको नेता बनाइदिने स्वेच्छाचारी नेताहरुको स्वार्थपूर्ण व्यवहारले मधेशका पार्टीहरु अराजक बनेको हो । पूराना कार्यकर्ताको पैसा नभएका कारण उनको ठूलो योगदानको कुनै महत्व नराख्ने चलनले पार्टीभित्र चाडकी, चाप्लुसी, गुलामी आदि जस्तो प्रवृत्तिलाई बढाएको छ । नेताहरु पनि यस्तै गुणीहरुमा रमाउने गर्दछ । आश्चर्य त तब लाग्छ जब पैसाको अभावमा यी भक्तहरुले पनि अवसर पाउँदैन । पार्टीभित्र विद्रोह गरेर पनि कहाँ जाने ? अर्को पार्टीमा पनि यही चलन रहेकोले विकल्पको अभावमा ज्यादती सहेर जहाँका त्यहाँ बसेका हुन्छन् ।

तत्कालीन ओली सरकारले उपेन्द्र यादव समूहभन्दा महन्थ ठाकुरलाई बढी विश्वास गरेकोले यही सत्ताका लागि जसपाभित्र मतभिन्नता चरमचुलीमा पुगेर पार्टी नै विभाजित भयो । मन्त्री बन्ने आशमा महन्थ ठाकुरतिर २० जना सांसद रहेका थिए । उपेन्द्र यादवले १२ जना सांसदको हस्ताक्षर मात्र देउवाको समर्थनमा जुटाउन सक्यो । १० जना मन्त्री बनेपछि बाँकी १० जना सांसद महन्थ ठाकुरलाई छाडेर उपेन्द्र यादव समूहमा टाँसिन पुगे । महन्थ ठाकुर विस्तारै अल्पमतमा पर्दै गएपछि उनको अस्तित्व जोगाउन समूह बदलेका उनकै पक्षका सांसदहरु आएन । महन्थ ठाकुरले लोकतान्त्रिक समाजवादी पार्टी नेपाल दर्ता भएपछि २२ गते भाद्रसम्म सांसदहरुले विभाजित पार्टीमा समूह परिवर्तन गर्न सक्ने म्याद बमोजिम अब धमाधम महन्थ ठाकुर पक्षमा जनप्रतिनिधि आउन थालेका छन् । गत बुधबार नै जनकपुर र महोत्तरीका धेरैजसो जनप्रतिनिधि लोकतान्त्रिक समाजवादी पार्टीभित्र संगठित भएका छन् । अराजकताको योभन्दा अर्को उदाहरण अरु के हुन सक्दछ ।

मधेशको अधिकार आन्दोलन विषम् परिस्थितिबाट गुज्रिरहेकोले निस्तेज हुनु स्वाभाविक हो । मधेशलाई राज्यले ६ टुक्रामा बाँडिएको अवस्थामा ८ जिल्लामा सीमित प्रदेश नं. २ का मधेश सरकार भनिनेले बाँकी मधेशको बारेमा सोच्न छोडिसकेको छ । संघर्ष पनि कसरी गर्न ? ८ जिल्ला बाहेकको मधेशका जिल्लाहरु विश्रृंखलित अवस्थामा यिनको आदेश मान्दैन । मधेशलाई टुक्रा-टुक्रा पार्ने संविधानलाई स्वीकार गरी सत्तासुख भोग्ने मधेशका पार्टीहरु समग्र मधेश जोड्ने क्षमता राख्दैन ।

पूर्ववत् मधेशको धरातलबाटै उठ्ने आन्दोलनले मात्र मधेशलाई जोड्न सक्दछ । समग्र मधेशको एकतालाई पुनर्जीवित गर्न सक्दछ । अहिलेका पार्टीहरु चारित्रिक रुपले यति स्खलित भइसकेको छ कि आफ्नो प्रदेशको मधेशीले विश्वास गर्दैन, अरुले के विश्वास गर्ने । अधिकार आन्दोलन सम्बोधन नभएसम्म उठिरहन्छ । सम्बोधन गराउने क्षमतावान नेता नआएसम्म मधेशले राज्यलाई चुनौती दिइरहन्छ ।

janukjha24@gmail.com

# ठाकुर–महतो वेदानन्द झा बन्न खोजे : उपेन्द्र यादव

जनकपुरधाम । जनता समाजवादी पार्टी ( जसपा) नेपाल का अध्यक्ष उपेन्द्र यादवले केपी ओली र महन्थ-महतो समूह प्रतिगमनको उत्तराधिकारी भएको टिप्पणी गरेका छन् । जसपाले शुक्रबार जनकपुरमा आयोजना गरेको प्रदेश स्तरीय कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले ओली-ठाकुर समूह गणतन्त्रसहितको उपलब्धि मास्ने दिशामा अघि बढेकोले उनीहरु सत्ताच्यूत भएर जनतामा नांगिएको टिप्पणी गरे ।

यादवले भने, 'पञ्च केपी ओली केशरजंग रायमाझी बन्न खोजेका थिए र ठाकुर-महतो बेदानन्द झा बन्न खोजेको तर परिवर्तन विरोधी उनीहरुको कदमलाई हामीले विफल पारिदियौं ।' संघीय गणतन्त्र र समावेशीकरणसहित आन्दोलनका उपलब्धिहरुको रक्षा जसपाले मात्र गर्न सक्ने दाबी गर्दै उनले आगामी निर्वाचनमा जसपा बलियो वैकल्पिक शक्तिको रुपमा उदय हुने विश्वास व्यक्त गरे ।

महन्थ-महतोको सांसद पद आफूहरुले जोगाईदिएको जिकिर गर्दै अध्यक्ष यादवले भने, 'हामीले चाहेको भए केन्द्रदेखि प्रदेशसम्म कारबाही गरेर उनीहरुको सांसद पद खोस्न सकथेम । तर हामीले केही गरेनौ ।' अध्यक्ष यादवले जसपालाई समाजवादको केन्द्र बताएका छन । 'समाजवादी भनेर कसैले नाम, नीति वा एजेन्डा बोकेपनि नेपालमा समाजवादको केन्द्र जसपा नै हो'- उनले भने ।

जसपा अध्यक्ष यादवले प्रदेश २ मुख्यमंत्री र मन्त्रीहरुलाई जनहितको कामलाई प्राथमिकता दिन कड़ा निर्देशन दिएका छन । उनले भने, 'तपाईहरु जनताको काममा समर्पित भएर अन्य प्रदेश भन्दा फरक तर उदाहरणीय बनेर देखाउनुस ।' सातवटै प्रदेशमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय अनुसार प्रदेश २ अन्तर्गत जनकपुरमा शीर्ष नेतृत्व सहभागी प्रदेश स्तरीय अभिमुखिकरण कार्यक्रम सुरु भएको छ । कार्यक्रममा जसपा पार्टी अध्यक्ष यादवसहित वरिष्ठ नेता अशोक राई, महेन्द्र राय यादव, उपाध्यक्ष रेणु यादव, प्रदेश २ का मुख्यमंत्री लालबाबु राउत, कोषाध्यक्ष विजय यादव, जनकपुर उपमहानगर प्रमुख लालकिशोर साह लगायतको उपस्थिति थियो । पार्टी सुदृढीकरण, संगठन विस्तार एवं जनजागरण (सुज) अभियान आज जनकपुरमा आयोजित प्रदेश स्तरीय कार्यक्रममा सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाहीका पार्टी अगुवा नेतृत्वको सहभागिता रहेको थियो ।

# अब कांग्रेसको नेतृत्व मधेशीले गर्नुपर्छ

मधेशी मूलबाट पहिलोपटक सभापतिका लागि उम्मेदवारी घोषणा भएको हो । हामी सबैलाई आग्रह पनि गर्न चाहन्छौं कि यसपटक तराई-मधेशका नेता कांग्रेसको सभापति बनोस्, निर्विरोध होस् । अब कांग्रेसको प्रतिनिधित्व मधेशले गर्नुपर्छ भन्ने हाम्रो आशा छ । यसमा कांग्रेसका सम्पूर्ण नेताहरुले विचार पुऱ्याउनु पर्छ ।



## तेजुलाल चौधरी

**प्रतिनिधिसभा सदस्य, नेपाली कांग्रेस**

**० पटक पटक मिति सार्दै नेपाली कांग्रेसको १४औं महाधिवेशन मंसिरमा गर्ने भनिएको छ, महाधिवेशन हुन्छ नै भन्ने सम्भावना कति छ ?**

–नेपाली कांग्रेसको १४औं महाधिवेशन तोकिएकै मितिमा सम्पन्न हुन्छ, अब मितिमा कुनै किसिमको फेरबदल हुँदैन । वडाहरुको अधिवेशन भदौ २३ गतेसम्म सम्पन्न गर्ने लक्ष्य छ । कुनै-कुनै ठाउँमा क्रियाशील सदस्यताको विवाद देखिएको छ । ती विवादहरु मिलाउने प्रयास अझै भइरहेको छ । सबै विवादहरु समाधान भएर तोकिएकै मितिमा महाधिवेशन सम्पन्न हुन्छ ।

**० अहिले पनि विभिन्न जिल्लाहरुमा क्रियाशील सदस्यता विवाद कायमै छ, महाधिवेशन समयमै सम्पन्न हुने कसरी विश्वास गर्न सकिन्छ ?**

– पक्कै पनि २१ वटा जिल्लाहरुमा क्रियाशील सदस्यताको समस्या समाधान भएको छैन । तर, हामीलाई विश्वास छ कि एक दुई दिनमा यी समस्या समाधान हुन्छ । निर्णय भइसकेको छ, त्यो कार्यान्वयन गर्न केही समस्या आएको हो । तर कार्यान्वयनको प्रक्रियामा अगाडि बढिरहेको छ ।

**० यसभन्दा अघि पनि कैयौं पटक महाधिवेशनको मिति तोकिएको थियो नि । यसपटकको मिति सर्दैन भन्ने कसरी विश्वास गर्ने ?**

– महाधिवेशन तयारीका धेरै कामहरु अगाडि बढिसकेका छन् । विगतमा धेरै समस्याहरु थिए । विभिन्न कारणहरु पनि थिए । कोरोनाले पनि केही हदसम्म महाधिवेशन प्रभावित भयो । तर अहिले महाधिवेशनको प्रक्रिया धेरै अगाडि बढिसकेको हो । त्यसैले फेरि पनि तोकिएको मितिमा महाधिवेशन हुँदैन वा समयावधि थपिन्छ भन्ने कुनै सवाल छैन ।

**० यो महाधिवेशनबाट कांग्रेसमा नयाँ नेतृत्व आउने सम्भावना छ त ?**

– महाधिवेशनमा सभापतिलगायत विभिन्न पदाधिकारीमा धेरैको दाबेदारी देखिएको छ । एक त नेपाली कांग्रेसको विधान यसपालि समावेशी पनि छ । प्रदेशहरुमा पहिलोपटक चुनाव हुँदैछ । त्यसकारणले उम्मेद्वारहरु बढीभन्दा बढी देखिनु स्वाभाविक पनि हो । प्रजातान्त्रिक र लोकतान्त्रिक पार्टीमा बढी उम्मेद्वारी हुन्छ नै । यो महाधिवेशनबाट युवा नेता, कार्यकर्ता र जनताको चाहना नयाँ नेतृत्व आउनुपर्छ भन्ने नै हो । नेतृत्व परिवर्तन हुनुपर्छ भन्ने मान्यता छ । उम्मेद्वारहरु कोशिस गरिरहनुभएका छन् । युवाहरुको जोस जाँगरले कांग्रेसलाई हाँक्न सक्छ भन्ने हाम्रो विश्वास छ । कांग्रेसमा अहिले युवाहरुको पलरा भारी छ ।

**० कांग्रेसमा नेतृत्व परिवर्तन हुनुपर्छ भन्ने तपाईंहरुको पनि चाहना हो ?**

– निश्चितरुपमा समयको मागअनुसार नयाँ नेतृत्व आउनुपर्छ, युवा नेतृत्व आउनुपर्छ भन्ने हाम्रो पनि चाहना हो । समय र परिस्थितिअनुसार नेतृत्व परिवर्तन हुनुपर्छ ।

**० पार्टी सभापति शेरबहादुर देउवा अहिले प्रधानमन्त्री हुनुहुन्छ, उहाँ फेरि पनि सभापतिका लागि उम्मेद्वार बन्ने चाहना राख्नु भएको छ नि ।**

– उहाँ अहिले सभापति हुनुहुन्छ, प्रधानमन्त्री पनि हुनुहुन्छ । नेपाली कांग्रेसको विधान, प्रक्रिया र ऐन कानूनअनुसार महाधिवेशन हुने हो । त्यसकारणले उहाँले महाधिवेशनलाई प्रभावित गर्नुहुन्न । अब कांग्रेसको नेतृत्वमा कसलाई पुऱ्याउने त्यो त नेता कार्यकर्ताको इच्छा र चाहनाको कुरा हो ।

**० कांग्रेसको आसन्न महाधिवेशनबाट मधेशले के अपेक्षा गर्न सक्छ त ?**

– पक्कै पनि नेपाली कांग्रेसको जग नै मधेश हो । जब-जब कांग्रेसलाई मधेशले समर्थन गरेको छ, तब-तब कांग्रेस ठूलो पार्टी बन्छ, सत्ता सञ्चालन गर्छ । नेपाली कांग्रेसभित्र पनि मधेशको भूमिका अहम् छ ।

**० मधेशी मूलबाट पहिलोपटक कांग्रेसको सभापतिका लागि उम्मेद्वारी घोषणा भएको छ । विमलेन्द्र निधिको सम्भावना कति छ ?**

– विमलेन्द्र निधिजी कांग्रेसको उपसभापति हुनुहुन्छ । कांग्रेसमा उहाँको व्यक्तिगतरुपमा पनि निकै नै लगानी छ । कांग्रेसमा उहाँ निकै नै संघर्ष गरेको व्यक्ति हो । उहाँले सभापतिका लागि आफ्नो उम्मेद्वारी घोषणा गरिसक्नुभएको छ । वास्तवमा मधेशी मूलबाट पहिलोपटक सभापतिका लागि उम्मेदवारी घोषणा भएको हो । हामी सबैलाई आग्रह पनि गर्न चाहन्छौं कि यसपटक तराई-मधेशका नेता कांग्रेसको सभापति बनोस्, निर्विरोध होस् । अब कांग्रेसको प्रतिनिधित्व मधेशले गर्नुपर्छ भन्ने हाम्रो आशा छ । यसमा कांग्रेसका सम्पूर्ण नेताहरुले विचार पुऱ्याउनु पर्छ । कांग्रेसको जग भनेको तराई-मधेश हो, त्यहाँबाट उम्मेद्वार घोषणा भएको छ । तराई-मधेशको मतबाट मात्रै उहाँ जित्न सक्नुहुन्न, पहाड र हिमालका साथीहरुले पनि यसबारे ध्यान दिनुपर्छ ।

**० सभापति शेरबहादुर देउवा गुटबाट विद्रोह गरेर निधिले आफ्नो उम्मेदवारी घोषणा गर्नुभएको छ । उहाँलाई जित्न कतिको चुनौती छ ?**

– कुनै पनि कुरामा चुनौती हुन्छ । कुनै उपलब्धि प्राप्त गर्न संघर्ष गर्नैपर्छ । उहाँको अगाडि चुनौती छ भने अवसर पनि छ । चुनौतीहरुको सामना गर्दै उहाँ अगाडि बढ्नुपर्छ । कांग्रेसका सम्पूर्ण नेता कार्यकर्ताहरुलाई सहयोग गर्न म आग्रह पनि गर्न चाहन्छु । उहाँलाई तराई-मधेशबाट राम्रै मत आउँछ ।

**० गठबन्धनको सरकार गठन भएको डेढ महिना भइसक्यो तर मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन । अप्ठ्याराहरु के-के छन् ?**

– नेपाली कांग्रेसको नेतृत्वमा अहिले गठबन्धनको सरकार छ । सरकार गठन भएको लामो समय बितिसक्दा पनि मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन । यसका धेरै अप्ठ्याराहरु छन् । मुख्यतः प्राविधिक समस्याकै कारण प्रधानमन्त्रीले मन्त्रिपरिषद् विस्तार गर्न सक्नुभएको छैन । माधव नेपाल र उपेन्द्र यादवजीको तर्फबाट आउनुपर्ने नामावली अहिलेसम्म आएको छैन । तर भदौ २२ गतेपछि गठबन्धनका अन्य दलहरु पनि सरकारमा आउने सम्भावना देखिएको छ । गठबन्धनको सरकार रहेकोले प्रधानमन्त्री एक्लै केही गर्न सक्ने अवस्था छैन ।

**० माधव नेपाल र उपेन्द्र यादवकै सरकारले पूर्णता पाउन सकेको छैन ?**

– उहाँहरुले आफ्ना मन्त्रीहरुको नाम दिन सक्नुभएको छैन । उहाँहरुले २२ गतेपछि मात्रै नाम दिन सक्ने भन्नुभएको हो ।

**० मन्त्रालय बाँडफाँडमा पनि कुरा नमिलेको हो कि ?**

– मन्त्रालय बाँडफाँडमा त्यत्रो ठूलो समस्या छैन । गठबन्धनको बैठक बसेर मन्त्रालयको टुंगो लगाउन सकिन्छ । सबैले चाहन्छन् कि राम्रा-राम्रा मन्त्रालय मिलोस् । तर, त्यो सहज छैन । मन्त्रालय बाँडफाँडकै कारण अड्किएको होइन, प्राविधिक कारणहरु रहेका छन् ।

**० यो सरकारले साझा न्यूनतम् कार्यक्रम तय गरेको थियो, त्यसमा कुनै प्रगति देखिएको छैन नि ?**

– निश्चितरुपमा गठबन्धनको सरकारले आफ्नो न्यूनतम् साझा कार्यक्रम सार्वजनिक गरेको छ, जुन कार्यान्वयन हुन्छ नै । सरकारले अहिलेसम्म पूर्णता नपाएकोले कार्यान्वयनको दिशामा नगएको हो । सरकारले पूर्णता पाएलगत्तै साझा न्यूनतम् कार्यक्रममा गरिएका प्रतिबद्धताहरु पूरा हुन्छ । सरकारले गरेका प्रतिबद्धताहरु पूरा गर्नुपर्छ । आफ्ना प्रतिबद्धताहरु यदि सरकारले पूरा गर्दैन भने त्यसको कुनै औचित्य नै रहँदैन ।

**० सत्तारुढ गठबन्धनबीच नै मन्त्रालयहरुबारे कुरा मिलिरहेको छैन, यो सरकार पनि अर्लि इलेक्सनमै जाने त होइन ?**

– यो सरकारले आफ्नो बाँकी कार्यकाल पूरा गर्छ । अर्लि इलेक्सनमा जाने कुरै छैन । तर, कांग्रेस चुनावबाट डराउने पार्टी होइन ।

# उपेन्द्रजीको कारण आन्दोलनबाट स्थापित विचार कार्यान्वयनमा चुनौती थपियो



## अभिराम शर्मा

**पूर्वराज्यमन्त्री तथा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता**

**० तपाईंले लोकतान्त्रिक समाजवादी पार्टी नेपाल नै किन रोज्नुभयो ?**

–महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीसँग नै मधेशको माग र मुद्दा रहेको छ । मधेशका माग र मुद्दा सम्बोधन गराउन कसले के गऱ्यो समीक्षाको विषय हो । गत निर्वाचनमा हामीले मधेशी गठबन्धन बनाएर चुनाव लड्यौं, जनताको माग र मुद्दा सम्बोधन गराउँछौं भन्ने कुरा प्रतिबद्धता गऱ्यौं । मधेशको माग र मुद्दाप्रति उपेन्द्र यादवभन्दा बढी गम्भीर महन्थ ठाकुरजी देखिनुभएको छ । महन्थ ठाकुरजीको अगुवाईमा महोत्तरीमा १३९ जना आन्दोलनकारीहरुमाथि लगाइएका झुठा मुद्दा फिर्ता भएको छ । नागरिकता विधेयक ल्याइएको थियो, संविधान संशोधनका लागि कार्यदल गठन भएको थियो । तर उपेन्द्र यादव १८ महिनासम्म सरकारमा बस्दा केही पनि गर्नुभएन । उपेन्द्रजीले मुद्दाको समाधान कहिल्यै पनि गराउन चाहनुभएको छैन । त्यसैले मैले लोसपा नै रोजे ।

**० महन्थ ठाकुर, राजेन्द्र महतोहरु प्रतिगमनका मतियार हुनुभयो भन्ने आरोप लागिरहेको छ नि ?**

– हाम्रो लागि त केपी ओली, शेरबहादुर देउवा, प्रचण्ड वा माधव नेपाल सबै प्रतिगमनकारी हुन् । तर जसले हाम्रो माग र मुद्दा सम्बोधन गर्न सकारात्मक हुन्छ उसलाई समर्थन वा सहयोग गर्नु प्रतिगमन होइन । हामी आफ्ना माग र मुद्दा सम्बोधन गराउनका लागि विगतमा सबैलाई सहयोग र समर्थन गरेकै हो तर कसैले गरेनन् । केपी ओलीको सरकारले हाम्रा माग सम्बोधन गर्न प्रयास थाल्यो, त्यसैले ओलीको सरकारलाई सहयोग गरियो । अहिले पनि देउवा सरकारलाई हाम्रो समर्थन छ तर अहिलेसम्म केही गरेको छैन । शेरबहादुर र प्रचण्डजीहरु अग्रगमनकारी हो भने हाम्रा माग र मुद्दाहरु सम्बोधन गराएर देखाओस् ।

**० महन्थ-राजेन्द्रका कतिपय विश्वासपात्र नेता र सांसदहरुले उपेन्द्रलाई साथ दिएका छन् त ?**

– उहाँहरु अवसरका लागि लोभमा उपेन्द्रजीको साथमा गएका हुन् । जब उहाँहरु उताबाट पनि केही पाउँदैन, अनि फेरि भागाभाग हुन्छ । अहिले सबैले हेरिरहेकै छन् कि राजनीतिक दलसम्बन्धी अध्यादेश फिर्ता गराउनका लागि उपेन्द्रजी लागिरहनुभएको छ । उहाँलाई थाहा छ कि सरकारमा जाने बित्तिकै जसले मन्त्री पाउँदैन उसले दल फुटाउछन् । अहिलेसम्म सरकारमा किन गएको छैन त ? उहाँ त अग्रगमनको पक्षधर हुनुहुन्छ, अग्रगमनकारी सरकार बनाउनुभएको छ । त्यसकारणले, उपेन्द्रसँग गएकाहरु अवसरवादीहरु मात्र हुन् ।

**० महोत्तरीमा लोसपाको अवस्था के छ ?**

– स्थानीय तहको निर्वाचनमा साइकल चुनाव चिन्हबाट जितेका सबै जनप्रतिनिधिहरु लोसपाको पक्षमा छन् । त्यतिमात्रै होइन, तत्कालीन फोरमको चुनाव चिन्हले पनि जितेका अधिकांश जनप्रतिनिधिहरु पनि लोसपामै सनाखत गरेका छन् । त्यसैले, महोत्तरीमा महन्थ ठाकुरको लोसपाको बलियो आधार कायमै छ ।

**० यो विभाजनले माग र मुद्दा कमजोर भएको हो ?**

– मधेशको मूल समस्या नै सत्ता हो । हामीले वैकल्पिक शक्तिको कुरा गरेका थियौं । २०७७ बैशाखमा उपेन्द्र यादवजीको पार्टी विभाजन हुँदै थियो । तर मधेशी जनताले भन्दै थिए कि मधेशी एकता जिन्दावाद । हामीले मधेशी जनताको त्यो भावनालाई सम्मान गर्दै बिना शर्त उपेन्द्रजीको पार्टीसँग एकता गऱ्यौं, त्यतिबेला हामीले कुनै पनि किसिमको शर्त राखेनौं । उपेन्द्रजीको पार्टी जोगाइदियौं । मधेशको माग र मुद्दा बलियो हुन्छ भन्ने हाम्रो सोच थियो । तर, उपेन्द्रजीले मधेशको भावनासँग खेलवाड गर्नुभयो । जसले गर्दा स्वाभाविक रुपमा मधेशको मुद्दा अलि कमजोर जस्तो भएको हो । जनताले यो विषयमा मूल्यांकन गर्छ ।

**० गत निर्वाचनमा प्रदेश २ मा मधेशी गठबन्धन बनाएर चुनावमा जाँदा जनताले केही हदसम्म पत्याएको थियो । अर्को चुनाव आउनै लाग्दा फेरि पार्टी विभाजन भएको छ । फेरि पनि मधेशी गठबन्धन बन्छ ?**

– आफूले गरेका गल्ती स्वीकार गरेर यदि आयो भने उपेन्द्रजीसँग सहकार्य हुन पनि सक्छ । राजनीतिमा केही पनि असम्भव हुँदैन, स्थायी शत्रु र मित्र पनि हुँदैन । त्यसैले, आगामी दिनमा उपेन्द्रजीसँग गठबन्धन बनाउने अवस्था आउँछ कि आउँदैन भन्न सकिँदैन । तैपनि मधेशको माग र मुद्दाप्रति जो सकारात्मक भएर अगाडि आउँछ, उसँग गठबन्धन हुने सम्भावना हुन्छ । उपेन्द्रजीलाई अहिले त देउवा, प्रचण्ड, माधवजीहरु नै मन पराएका छन् ।

**० प्रदेश २ को सरकारमा तपाईंले करिब तीन वर्षभन्दा बढी समयसम्म राज्यमन्त्रीको रुपमा काम गर्नुभयो । अहिलेसम्म प्रदेशको नामाकरण टुंगो नलाग्नुमा को दोषी छन् ?**

– अहिले संसदमा प्रदेशको नामाकरण र राजधानीको प्रस्ताव दर्ता भएको छ । विगतमा हामी गठबन्धनमा हुँदा र पछि जसपा बन्दा हाम्रो संयुक्त प्रस्ताव मधेश प्रदेश र राजधानी जनकपुर थियो । तर अहिले हाम्रो प्रस्तावको विपक्षमा रहेका दलहरु पनि सरकारमा सहभागी भएका छन् । हामी सुरुदेखि नै मधेश प्रदेशको पक्षमा छौं । अब उपेन्द्रजी वा मुख्यमन्त्री लालबाबु राउतजीले के गर्नु हुन्छ, त्यो उहाँहरुमाथि निर्भर गर्छ । हामी प्रतिपक्षमा रहेपनि मधेश प्रदेशको पक्षमा मतदान गर्छौं ।

**० अहिलेको सरकारसँग करिब दुई तिहाइको बहुमत छ, नामाकरणबारे किन प्रक्रिया सुरु हुन सकेको छैन ?**

– यसको उत्तर त हाम्रो मुख्यमन्त्रीजीले दिनुपर्ने हो । मुख्यमन्त्रीजीले अहिलेसम्म संसदलाई बिजनेश नै दिनु भएको छैन । संसदमा नाम र राजधानीको प्रस्ताव दर्ता भएको छ तर संसद सुचारु भएको छैन । हामीले सरकारलाई आग्रह गरिरहेका छौं कि संसद सञ्चालन गर्नुस्, नाम र राजधानीमाथि छलफल गरौं । तर उहाँहरुले जुन अपवित्र गठबन्धन बनाउनुभएको छ, त्यसबाट डराइरहनुभएको छ । कांग्रेस र माओवादीलाई सरकारमा ल्याइयो तर सरकार चलाउने सन्दर्भमा कुनै कुराको साझा प्रतिबद्धता छैन ।

**० गठबन्धनको सरकारले प्रदेशको नामाकरण टुंगो लगाउन सक्छ ?**

– हामी चाहन्छौं कि प्रदेशको नामाकरण र राजधानी टुंगो लागोस् । तर सत्तारुढ गठबन्धनको भित्री योजना के छ हामीलाई थाहा छैन । संसद सञ्चालन हुने बित्तिकै हामी आवाज उठाउँछौं । उपेन्द्रजीले जुन गतिविधि गर्नुभएको छ, मधेशको माग र मुद्दासँग सरोकार नै नराख्ने दलहरुसँग गठबन्धन बनाएर सरकारमा सहभागी गराउनुभएको छ । उहाँको कारणले आन्दोलनबाट स्थापित विचार कार्यान्वयनमा चुनौती थपिएको छ ।

**० अहिले बलियो गठबन्धनको सरकार छ, संसद किन सञ्चालन हुन नसकेको होला ?**

– यो बलियो गठबन्धनको सरकार देखिए पनि अपवित्र हो । माग र मुद्दा मिल्नेसँग गठबन्धन हुन्छ । बिना एजेण्डा, सत्ता सञ्चालनका लागि मात्र यो गठबन्धन बनेको हो । माग र मुद्दासँग यो गठबन्धनको कुनै सरोकार छैन । यो बलियो गठबन्धन होइन, सत्ता सञ्चालनका लागि गठबन्धन बनाइएको हो । यो गठबन्धन भनेको बालुवाको घर जस्तै हो ।

**० भनेपछि, यो गठबन्धनको आधार कमजोर छ ?**

– जहाँ माग र मुद्दासँग कुनै मेल हुँदैन, त्यो धेरै दिनसम्म चल्दैन ।

**० अब पार्टी छुट्टै भइसकेपछि प्रदेश २ मा तपाईंहरुको स्पष्ट धार के हो ?**

– हामी प्रदेश २ को प्रदेशसभामा प्रमुख प्रतिपक्षीको भूमिकामा हुन्छौं ।

17-21, Madheshvani, Bhadra-18, 2078.pmd 3

9/3/2021, 3:00 PM

# राजनीतिक प्रतिवेदन तथा प्रस्तावहरू

## जनता समाजवादी पार्टी, नेपालको २०७८ जेठ ८ र श्रावण ३२ गते काठमाडौँमा भएको केन्द्रीय कार्यकारिणी समितिको बैठकमा प्रस्तुत राजनीतिक प्रतिवेदन तथा प्रस्तावहरूलाई अद्यावधिक गरी २०७८ भाद्र १ र २ गते भएको केन्द्रीय समितिको प्रथम बैठकबाट पारित

**४.१३ पार्टीको आधिकारिकता विवाद र निर्वाचन आयोगको फैसला**

प्रधानमन्त्री ओलीले २०७७ पुस ५ गते असंवैधानिक रूपमा प्रतिनिधि सभा विघटन गरी प्रतिगामी, अलोकतान्त्रिक र सर्वासत्तावादी कदम चालेपछि त्यसको विरुद्ध हाम्रो पार्टीले सबैभन्दा पहिला त्यसको विरोध, भण्डाफोर र विरोधको कार्यक्रम अगाडी सार्ने काम गरेको थियो। घटनाको तत्काल प्रतिकृयास्वरूप सोही दिन काठमाडौँलगायत विभिन्न जिल्लाहरूमा मसाल जुलुश प्रदर्शन गर्ने कार्य भयो। पुस ७ गते नै प्रतिनिधि सभा विघटनको विरुद्ध आन्दोलन गर्ने विषयलाई एकल कार्यसूची बनाई पार्टीका केन्द्रीय कार्यकारिणी समितिको बैठक बसी कार्यक्रम तय गर्ने र त्यसलाई दुबै अध्यक्षको संयुक्त हस्ताक्षरमा सार्वजनिक गरियो। यो निर्णय सर्वसम्मत रूपमा नै भएको थियो। पार्टीका नेताहरू देशका विभिन्न स्थानहरूमा भएका कार्यक्रमहरूमा प्रमुख वक्ताको रूपमा सहभागी भए। तर त्यसको केही समयपछि नै पार्टीभित्र अल्पमतको रूपमा रहेका महन्थ ठाकुर समुह विस्तारै आन्दोलनको कार्यक्रमहरूबाट विमुख हुन थाले। पार्टीले दुबै अध्यक्षाको सहमतीमा राखेको कार्यकारिणी समितिको बैठकहरूलाई छल्ने र आफुखुसी प्रतिगामी शक्तिहरूसँग अवाञ्छित रूपमा साँठगाँठ गर्न थाले। पार्टी निर्णयविपरीत लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्ललाई वार्ता कार्यदल भन्दै पठाउने काम जारी राखे। केन्द्रकै पहलमा पार्टीको लुम्बिनी प्रदेशमा प्रदेश समितिको २०७७ चैत्र २६ गते तथा प्रदेश सभा संसदीय दलको २०७८ वैशाख ६ गते बसेको बैठकले मुख्यमन्त्री शंकर पोखरेलविरुद्ध अविश्वासको प्रस्ताव राख्ने निर्णयलाई अवज्ञा गर्न प्रेरित गरी सन्तोष कुमार पाण्डेलगायत ४ जना सभासदहरूलाई पोखरेलकै मन्त्रीमण्डलमा पठाए। यस घट्नापछि पार्टीभित्र अनुशासनहीत तथा अराजक गतिविधि तीब्र बन्न गयो।

पार्टीभित्र उत्पन्न समस्यालाई बैठक बसी समाधान गरौँ भन्ने हाम्रो पहललाई पनि तिनीहरूले स्विकार गरेन। बाहिर कोभिडको कारण बैठक हुन नसक्ने भन्ने तर होटल र रिसर्टहरूमा आफ्नो गुटगत भेला राख्ने जस्ता अनुशासन र पद्धतिविपरीतका कार्यहरू जारी रह्यो। यस्तो परिस्थितिमा पार्टी एकतालाई बचाई राख्न पार्टी कार्यकारिणी समितिको बहुमतको नेतृत्व गर्ने संस्थापन पक्ष भएकाले पार्टीका सङ्घीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराई, केन्द्रीय समिति अध्यक्ष उपेन्द्र यादव, वरिष्ठ नेता अशोक राई तथा विभिन्न तहका नेता कार्यकर्ताहरूले गम्भिरताका साथ वार्ताको पहल गरे। फलस्वरूप दुई अध्यक्षबिच वार्ता भयो र २०७८ जेठ ४ गते ८ बुँदे सहमतिमा हस्ताक्षर भई जेठ ८ र ९ गते दुबै अध्यक्षको संयुक्त हस्ताक्षरमा कार्यकारिणी समितिको बैठक समेत डाक्ने कार्य भयो। जेठ ५ गते भएको पदाधिकारी बैठकले त्यस बैठकलाई व्यवस्थित गर्न वर्तमान परिस्थिति र हाम्रो कार्यदिशासम्बन्धी राजनीतिक प्रतिवेदन तथा प्रस्तावहरू तयार गर्ने जिम्मेवारी कार्यकारिणी सदस्य राजेन्द्रप्रसाद श्रेष्ठलाई दियो। जेठ ६ गते भएको पदाधिकारीहरूको बैठकमा प्रतिवेदनमाथि छलफल भयो। छोटो समयमा पनि राम्रो प्रतिवेदन तयार भएको भन्दै महन्थ ठाकुर र राजेन्द्र महतो दुबैले धन्यवाद दिए। तर त्यसको केही समयपछि आफ्नो पक्षको गुटगत बैठक बसी प्रतिवेदनमाथि छलफल हुन नसक्ने र बैठक स्थगित गर्नुपर्ने प्रस्ताव ल्याए। हामीले यसबारे बैठकमै छलफल गर्नुपर्ने र पार्टीका नीतिहरू गुटगत भेलाबाट होइन, बैठकबाटै पारित गर्नुपर्ने अडान राख्दै सहमतिकै आधारमा प्रतिवेदन परिमार्जन गरौँ भन्ने प्रस्ताव राख्यौँ। तर महन्थ ठाकुर नेतृत्वको अल्पमत पक्षले बैठक भए रक्तपात हुन्छ, पार्टी विभाजन हुन्छ भनेर धम्कीपूर्ण भाषा बोल्न थाले। त्यसपश्चात महन्थ ठाकुरले एकपक्षीय रूपमा बैठक स्थगित भएको विज्ञप्ति जारी गरे।

जेठ ४ गतेको सहमतिमा ओली सरकारमा सामेल नहुने र हाम्रो पार्टीकै नेतृत्वमा सरकार बनाउन पहल गर्ने कुरा उल्लेख हुनुका साथै पार्टीले सरकारको नेतृत्व गर्ने अवसर आए अध्यक्ष महन्थ ठाकुरलाई नै अगाडी सार्ने समेत समझदारी बनेको थियो। तर त्यस सहमतिविपरीत महन्थ ठाकुर पक्ष ओलीको प्रतिगमनको मतियार बन्न पुगे। पूरातनपन्थीहरूले 'अभागीलाई खानेबेला ज्वर आउँछ' भनेजस्तै भयो। हामीले घोषित मितिमै बैठक बसी पार्टीभित्र उत्पन्न समस्याहरूमाथि व्यापक छलफलका साथै वर्तमान परिस्थिति र हाम्रो कार्यदिशासम्बन्धी राजनीतिक प्रतिवेदन र प्रस्तावहरू पारित गऱ्यौँ र पार्टीलाई संस्थागत रूपले अगाडी बढाउने कार्य गऱ्यौँ। त्यसपछि पनि तिनीहरूको गतिविधी नरोकिएपछि जेठ १६ गतेको बैठकले अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता राजेन्द्र महतो, कायकारिणी समिति सदस्य लक्ष्मणलाल कर्ण र सवेन्द्रनाथ शुक्ल ४ जनालाई कारबाही गर्ने निर्णय गऱ्यो र राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ बमोजिम पार्टीको दर्ता खाताबाट तिनीहरूको नाम हटाई अद्यावधिक गर्नका लागि निर्वाचन आयोगमा पठाउने निर्णय भयो। सोहीबमोजिम हामीले जेठ १७ गते निर्वाचन आयोगमा अद्यावधिक गर्न पत्राचार गऱ्यौ। यसैबिच पार्टीभित्रको अल्पमत पक्षले पनि 'खाली दिमाग शैतानको घर' भने झैँ अनेकौं अराजनीतिक हत्कण्डाहरू अपनाउन थाले। पुस ७ गतेको बैठकको माइन्युट कार्यालयबाट चोरी गरी त्यसमा थपघट गर्ने काम गरे। त्यही किर्ते माइन्युटमा पार्टीको कार्यकारिणी समिति हेरफेर गर्ने, निर्वाचन आयोगमा पत्राचार गर्ने लगायतका अधिकार पार्टीको प्रथम अध्यक्ष महन्थ ठाकुरलाई दिने निर्णय भएको ब्यहोरा थपे र सो अधिकार प्रयोग गरी महन्थ ठाकुरको एकल निर्णयमा पार्टी अध्यक्ष उपेन्द्र यादवलाई पार्टी अध्यक्षबाट हटाएको भन्दै निर्वाचन आयोगमा अद्यावधिकका लागि दिए। यस्तो किर्ते कामको छानविन नै नगरी निर्वाचन आयोगका पदाधिकारीहरूको २०७८ जेठ ३० गते बसेको बैठकले एक अध्यक्षले अर्को अध्यक्षलाई हटाउन नसक्ने, एक अध्यक्षको हस्ताक्षरले मात्र अद्यावधिक हुन नसक्ने, पार्टी विधानअनुसार कारबाही माथिल्लो समितिबाट अनुमोदन हुनुपर्ने लगायतका चार कारण दिई अद्यावधिक गर्न अस्वीकार गऱ्यो र राजनीतिक दलसम्बन्धी नियमावलीको नियम २५ को उपनियम ५ अनुसार जसपाको पदाधिकारी विवरण साविककै कायम भएको जानकारी दियो। जेठ ३० गतेको निर्वाचन आयोगको निर्णयलगतै महन्थ ठाकुर नेतृत्वको अल्पमत पक्षले किर्ते काम गर्ने धन्दा सुरु गरे। पुस ७ गतेको नक्कली माइन्युटको जगमा उनले जेठ ३ गते कार्यकारिणी समिति हेरफेर गरेको भन्दै २० जना संस्थापक कार्यकारिणी सदस्यलाई हटाई नयाँ २० जना थपिएको ब्यहोरा २०७८ असार १ गते निर्वाचन आयोगमा दिए। राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ अनुसार पार्टी जीवनमा असर पार्ने निर्णयहरू ३० दिनभित्र आयोगमा जानकारी दिनुपर्ने व्यवस्था छ। तर यी किर्ते काम गर्नेहरूले २०७७ पुस ७ गतेको निर्णय २०७८ असार १ गते मात्र दिएबाट त्यो फर्जी हो भन्ने स्वतः प्रमाणित हुन्छ। निर्वाचन आयोगको जेठ ३० गतेको निर्णय हाम्रो लागि अप्रत्यासित थियो। तथापि हामीले त्यसलाई स्वीकार गर्दै २०७८ असार ३ गते कार्यकारिणी समितिको बैठक बसी हामीले राजनीतिक दलसम्बन्धी ऐनको दफा ४३ र ४४ बमोजिम पार्टीका आधिकारिकता दावी गर्ने निर्णय गऱ्यौँ र असार ४ गते आधिकारिकताका लागि निर्वाचन आयोगमा दावी पेस गऱ्यौँ। जसपाकै नाम, झण्डा, चुनावचिन्ह प्रयोग गरी बाहिर भ्रम उत्पन्न गर्ने काम गरेको परिप्रेक्ष्यमा हाम्रो यो निर्णय राजनीतिक र कानुनी दुबै हिसावले सही थियो। पार्टीको आधिकारिकताका लागि हामीले माग दावी पेस गरेपछि महन्थ ठाकुर पक्षले पनि झुठको पुलिन्दासहितको प्रत्युत्तर दिए। त्यसबारे निर्क्योल गर्न राजनीतिक दलसम्बन्धी ऐनको दफा ४४ को उपदफा ४ र ५ को व्यवस्थाअनुसार मेलमिलापको पहल भयो। त्यसमा दुबै पक्षले आआफ्नो दावी पेस गरेपछि दफा ४५ अनुसार निर्वाचन आयोगको इजलास बसी सुनुवाई गर्ने फैसला भयो। २०७८ श्रावण ७ गतेको इजलासले दुबै पक्षको बहस सुनेपछि आयोगको दर्ता किताबमा पार्टी एकीकरणको बेला अभिलेखीकरण भएको केन्द्रीय कार्यकारिणी सदस्यहरूको श्रावण ११ गते निर्वाचन आयोग परिसरमा सशरीर उपस्थित गराई सनाखत गर्ने फैसला भयो। उक्त फैसलाको आधारमा भएको सनाखतमा ३४ जना केन्द्रीय कार्यकारिणी सदस्यले आधिकारिकता दाबी गर्ने उपेन्द्र यादव अध्यक्ष रहेको जसपाको पक्षमा, १६ जनाले विपक्षी महन्थ ठाकुर अध्यक्ष रहेको जसपाको पक्षमा र १ जना तटस्थ बसे। त्यसपश्चात् बहुमत कार्यकारिणी सदस्यहरूले सनाखत गरेको आधारमा हामीले पेस गरेको माग दावीलाई मान्यता दिँदै निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी ऐनको दफा ४४ को उपदफा ६ बमोजिम उपेन्द्र यादव अध्यक्ष रहेको जनता समाजवादी पार्टी, नेपालको पक्षमा बहुमत रहेकाले आधिकारिकता दिने र महन्थ ठाकुर पक्षले अर्को दल गठन गर्न चाहेमा दर्ता गरिदिने फैसला गरेको छ। यो सत्य र न्यायको जीत हो। यस घटनाबाट महन्थ ठाकुर पक्षले शिक्षा लिई आत्मआलोचनासहित पार्टीमा फर्कने हामीले आशा गरेका थियौँ, तर निजहरूले आफूलाई सुधार गर्नुको सट्टा जसपाकै नाममा झन उदण्ड रूपमा अनुशासन उल्लङ्घन गर्ने काम गर्न थालेका छन्। त्यसैले अब तिनीहरूलाई निश्कासन गरी पार्टीलाई शुद्धिकरण गर्नुको विकल्प छैन। तर पार्टीको पक्षमा उभिनेहरूलाई भने हामीले जिम्मेवारी दिनु पर्दछ।

महन्थ ठाकुर पक्षको किर्ते काम राजनीतिमा जालझेल र अपराधिकरणको ज्वलन्त उदाहरण हो। जुन पार्टीले पार्टी विधानको प्रस्तावनामै सामुहिक नेतृत्व र समावेशी प्रतिनिधित्वको कुरा उल्लेख गरेको छ, जुन पार्टीले सङ्घीय ढाँचाको पार्टी निमाण गर्ने र लोकतान्त्रिक अकेन्द्रियताको सङ्गठनात्मक सिद्धान्त अपनाउने प्रतिवद्धता व्यक्त गरेको छ त्यस पार्टीले अर्को अध्यक्ष र कार्यकारिणी सदस्यलाई हटाउन सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने सवालै आउँदैन। पार्टी विधानमा यस्तो अधिकार प्रत्यायोजनको व्यवस्था पनि छैन। हाम्रो पार्टी अध्यक्षात्मक शैलीमा चल्ने पुँजीवादी पार्टी होइन। सामन्ती युगका राजा महाराजाहरू जस्तो नेतालाई महान ठानेर देवत्वकरण गर्ने पार्टी पनि होइन, न त यो एकात्मक ढाँचामा चल्ने पार्टी नै हो। देशमा मात्र होइन पार्टीभित्र पनि विधिको शासन आवश्यकता पर्दछ। पार्टीभित्र विधिको शासन भनेको विधानको कार्यान्वयन नै हो। पुराना एकात्मक ढाँचाको पार्टीको सिको गरेर विधानविपरीतका काम गर्छौं भने त्यो विधिको शासनको विपरीत मात्र होइन स्वेच्छाचारीता पनि हो। त्यसैले पार्टीका अध्यक्ष महन्थ ठाकुरले अध्यक्षात्मक नेतृत्व प्रणालीमा जस्तो आफैलाई संस्था ठानी गरिएको स्वेच्छाचारी कामकारबाहीहरू बदरभागी हुनु स्वाभाविक कुरा हो।

**४.१४ गठबन्धनको निर्माण र विकासको आवश्यकताबारे**

२०७७ पुस ५ र जेठ ७ गतेको प्रतिनिधि सभा विघटनको घट्नापछि नेपाली काङ्ग्रेस, तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेकपा (एमाले)को खनाल-नेपाल समूह र राष्ट्रिय जनमोर्चाबिच सहकार्यको वातावरण बनेको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता जस्ता परिवर्तनका उपलब्धीहरूलाई समाप्त गर्ने देशी विदेशी प्रतिकृयावादीहरूको ग्रान्ड डिजाइनलाई असफल पार्न नै हामी आन्दोलनको मैदानमा एकतावद्ध भएका हौं। जेठ७ गतेको दोस्रो प्रतिगामी कदमपश्चात हामीबिचको सहकार्यले ठोस आकार लिएको छ। अहिले संयुक्त सरकार निर्माणको चरणबाट हामी अझ उन्नत स्तरमा सहकार्यको चरणमा छौँ। तर अहिलेसम्म हामीबिच गठबन्धन बनिसकेको छैन। पार्टीले कुन पार्टीसँग एकता गर्ने र कुन पार्टीसँग संयुक्त मोर्चा वा गठबन्धन बनाउने भन्ने कुरा त्यसको नीति, सिद्धान्त, विचार र तात्कालिक मुद्दाहरूको आधारमा निर्क्योल गर्नु पर्दछ। त्यो वैचारिक राजनीतिक रूपले प्राकृतिक र स्वाभाविक पनि हुनुपर्छ। देशमा भएका संयुक्त जनआन्दोलन, मधेस जनविद्रोह लगायत उत्पीडित समुदायको आन्दोलनमा ती दलहरूले खेलेको भूमिका, हाल प्रतिगमनको विरुद्धमा गरिएका सङ्घर्ष तथा हामीले संविधान संशोधनका सम्बन्धमा विगतमा व्यवस्थापिका संसदमा गरेका सहकार्यहरू त्यसका लागि आधारहरू हुन्। विगतमा रूपान्तरित व्यवस्थापिका संसदमा नेपाली काङ्ग्रेस र नेकपा (माओवादी केन्द्र)सँग हाम्रो पार्टीले सहकार्य गरेको थियो। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार हुँदा ५ नम्बर प्रदेशलाई विभाजित गरी थारु र मगर समुदायको क्लस्टर एक हदसम्म मिलाएर ५ नं प्रदेशलाई थारुबहुल प्रदेश बनाउन पहल भएको थियो। तर तत्कालीन संयुक्त सरकारमा रहेका दलरूका केही नेताहरू समेत त्यसको विरुद्ध रहेकाले चैत्र २९ गते त्यसलाई फिर्ता गरी सीमाङ्कन हेरफेरको बुँदा हटाएर भाषा, नागरिकता र राष्ट्रियसभाको प्रतिनिधित्वको विषयलाई मात्र समेटी अर्को प्रस्ताव दर्ता भयो। २०७४ भाद्र ५ गते नेपाली काङ्ग्रेसका सभापति शेरवहादुर देउवाको पालामा यस प्रस्तावमाथि मतदान भयो। मतदानमा संविधान संशोधनको पक्षमा अत्यधिक बहुमत (६३ प्रतिशत) प्राप्त भयो। तर दुईतिहाई नपुग्दा पारित हुन सकेन।

अहिले परिस्थिति फेरिएका छन्। हामी संयुक्त सरकारलाई बलियो बनाउँदै अग्रगामी परिवर्तनको लागि अग्रसर हुने पक्षमा छौँ। अहिले राजनीतिक शक्तिहरूबिच नयाँ रूपमा ध्रुवीकरण हुँदै छ। हामीले विगत र वर्तमानमा विभिन्न राजनीतिक दल तथा समूहहरूले खेलेका भूमिकाको समिक्षा गर्दै सहकार्यका आधारहरूको खोजी गर्नु पर्दछ। मुलुकको राष्ट्रिय स्वाधिनता, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता जस्ता परिवर्तनका उपलब्धीहरूको रक्षा, देशमा व्याप्त महङ्गी, भ्रष्टाचार र कमिशनतन्त्रको अन्त्य, कोभिडको महामारीबाट जनताको मुक्ति, संविधान संशोधन, माननीय रेशम चौधरीलगायतका राजवन्दीहरूको रिहाइ र सम्पूर्ण झुठा मुद्दाहरूको खारेजीजस्ता हाम्रा माग र मुद्दाहरूमा सकारात्मक हुनसक्ने शक्तिहरूसँग मिलेर आगामी निर्वाचनको बेला सम्ममा सबै प्रगतिशील गठबन्धन बनाउने दिशामा जानुको विकल्प छैन। यसका लागि हाम्रो पार्टीले पहल लिन जरुरी छ।

**५. लुम्बिनी प्रदेशमा देखापरेको अनुशासनहिनता र कारवाहीबारे**

पार्टीको लुम्बिनी प्रदेश समितिको २०७७ चैत्र २६ गते तथा प्रदेश सभा संसदीय दलको २०७८ वैशाख ६ गते बसेको बैठकले लुम्बिनी प्रदेशमा मुख्यमन्त्री शंकर पोखरेलविरुद्ध अविश्वासको प्रस्ताव राख्ने निर्णय गरेको थियो। त्यसै निर्णयको आधारमा हाम्रो पार्टीका ५ जना सभासदहरूले हस्ताक्षर समेत गरी २०७८ वैशाख ६ गते अविश्वासको प्रस्ताव दर्ता भयो। तर त्यसको मसी नसुक्दै त्यसमध्येका सन्तोष कुमार पाण्डे, विजय वहादुर यादव र सुमन शर्मा रायमाझी ३ जना तथा कल्पना पाण्डे लम्साल गरी ४ जना शंकर पोखरेलकै मन्त्रीमण्डलमा सरिक भई शपथग्रहण समेत गरे। त्यसपश्चात भएको प्रदेश समिति र प्रदेश सभा संसदीय दलले गरेको कारवाहीको सिफारिसको आधारमा पार्टीले तत्काल राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा ३ बमोजिम छानवीन गर्ने प्रयोजनका लागि पार्टीको लुम्बिनी प्रदेश समितिलाई अधिकार प्रत्यायोजन गर्ने काम भयो। त्यसको सिफारिसको आधारमा २०७८ वैशाख १४ गते बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले पार्टीको अनुशासन उल्लङ्घन गरेका तत्कालीन सङ्घीय समाजवादी फोरम, नेपालको पहिलो हुने निर्वाचित हुने प्रणालीबाट प्रदेश सभामा निर्वाचित सन्तोष कुमार पाण्डे र विजय वहादुर यादव तथा समानुपातिकतर्फ खस आर्य महिला समूहबाट निर्वाचित लुम्बिनी प्रदेश सभाका सदस्य माननीय सुमन शर्मा रायमाझी र तत्कालीन राष्ट्रिय जनता पार्टी, नेपालको मधेसी महिला समूहबाट निर्वाचित माननीय कल्पना पाण्डे लम्साललाई राजनीतिक दलसम्बन्धी ऐनको दफा ३२ को उपदफा ५ बमोजिम प्रदेश सभा सदस्य तथा पार्टी सदस्यसमेत नरहने गरी अनुशासनको कारबाही गरी लुम्बिनी प्रदेश सभालाई पदमुक्त गर्न सिफारिस गरेको थियो। यहि आधारमा मिति २०७८ वैशाख १६ गते लुम्बिनी प्रदेश सभाबाट राजनीतिक दलसम्बन्धी ऐनको दफा ३५ को उपदफा २ र प्रदेश सभा ऐन २०७४ को नियम १९१ बमोजिम निजहरूलाई प्रदेश सभा सदस्य नरहने गरी प्रदेश सभाको सचिवालयले सूचना टाँस गरी निजहरूलाई राजनीतिक दलसम्बन्धी ऐनको दफा ३६ को उपदफा १ बमोजिम उक्त स्थान रिक्त भएको घोषणा गऱ्यो। त्यसपश्चात आफूमाथि अन्याय भएको भन्दै ४ जना सभासदहरूले संयुक्त रूपमा सर्वोच्च अदालतमा मुद्दा हाले र उनीहरू पद यथावत राख्नका लागि अदालतबाट अल्पकालीन अन्तरिम आदेश जारी गराउन सफल भए। ती सभासदहरूले असार ३० गते आ.व. २०७८/७९ को नीति तथा कार्यक्रमको विपक्षमा मतदान गर्न जारी गरेको पार्टी ह्वीप पुनः उल्लङ्घन गरेपछि तिनीहरूलाई पार्टीले श्रावण ३ गते राजनीतिक दलसम्बन्धी ऐनबमोजिम पुनः स्पष्टीकरण सोध्ने काम भयो। त्यसको केही समयपछि त्यसमध्येका राज्यमन्त्री सुमन शर्मा रायमाझीले पोखरेल नेतृत्वको सरकारबाट राजिनामा गरी पुनः पार्टीमा कार्यरत रहने प्रतिवद्धता व्यक्त भयो। त्यसपछि श्रावण १२ गते को केन्द्रीय कार्यकारिणी समितिको बैठकको निर्णयबमोजिम सन्तोषकुमार पाण्डे, विजयबहादुर यादव र कल्पना पाण्डे लम्साल ३ जनालाई श्रावण १४ गते निश्काशन गरियो। ती स्थानहरू लुम्बिनी प्रदेश सभाको निर्णयअनुसार निर्वाचन आयोगबाट रिक्त भएको घोषणा गरी आयोगले हाम्रो पार्टीलाई समानुपातिक सूचीको खस आर्य तर्फको रिक्त स्थानमा अर्को व्यक्ति सिफारिस गर्न पात्राचार गऱ्यो। त्यसअनुसार २०७८ श्रावण ३२ गते बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले तत्कालिन राष्ट्रिय जनता पार्टी, नेपालको खस आर्य महिला समुहको समानुपातिक सूचीको दोस्रो नम्बरमा रहेका निर्मला मुडभरी भट्टराईलाई निर्वाचित गर्न निर्वाचन आयोगमा सिफारिस गर्ने निर्णय गरेको छ। लुम्बिनी प्रदेशमा मुख्यमन्त्री पोखरेलमाथि २०७८ श्रावण १९ गते पुनः अविश्वासको प्रस्ताव दर्ता भएको थियो। विगतमा आफू अल्पमतमा परी सकेपछि पनि अनैतिक रूपमा सत्तामा रही रहेका पोखरेलले यसपटक अविश्वासको प्रस्ताव फेस नगरी श्रावण २७ गते राजिनामा दिए। त्यसपश्चात प्रदेश प्रमुखले संविधानको धारा १६८ (२) बमोजिम नयाँ सरकार गठनका लागि दाबी पेस गर्न आह्वान भयो। श्रावण २८ गते नेकपा (माओवादी केन्द्र)का नेता कुलप्रसाद केसी सोनामको एकमात्र दाबी परेकाले उनी मुख्यमन्त्री नियुक्त भए र सोही दिन हाम्रो पार्टीसमेत सामेल भई सानो मन्त्रीमण्डल पनि गठन भइसकेको छ।

**६. वैचारिक प्रशिक्षण र जनजागरणका लागि 'पार्टी सुदृढीकरण तथा जनजागरण अभियान'**

कोभिड-१९ को कहरले पार्टी एकीकरणबाट प्राप्त वैचारिक उर्जालाई सङ्गठनात्मक शक्तिमा रूपान्तरण गर्ने कामले गति लिन सकेको छैन। त्यसैले यस कामलाई गति दिन तथा पार्टी समायोजन, विस्तार र सुदृढीकरणको कामलाई द्रुत गतिका साथ अगाडी बढाउनका लागि पार्टीको केन्द्रीय कार्यकारिणी समितिलेयहि भाद्र १ गतेदेखि 'पार्टी सुदृढीकरण तथा जनजागरण (सुज) अभियान' सञ्चालन गर्ने निर्णय गरेको छ। यसको मुख्य उद्देश्य वैचारिक राजनीतिक अभिमुखीकरण र जनतामा जागरण ल्याउनु हो। यस अभियानमा देशव्यापी रूपमा पार्टी तथा भातृ सङ्गठनहरूको समायोजन, पार्टी प्रवेश, पहिचानसहितको सङ्घीयताको पक्षमा जनप्रदर्शन र सभाहरूको आयोजना तथा जनसभा गर्न अनुकूल नभएका स्थानहरूमा वृहत कार्यकर्ता भेला गर्नु पर्दछ। पार्टीले पार्टी एकीकरणसँग सम्बन्धित सङ्गठनात्मक काम, वैचारिक तथा राजनीतिक काम, कार्यालय तथा आर्थिक व्यवस्थापन र प्रचारात्मक तथा साँस्कृतिक परिचालनका कामहरूलाई विशेष जोडका साथ अगाडि बढाउनु पर्दछ। कोभिड-१९ को महामारी कम हुने वित्तिकै निम्न कामहरूलाई प्राथमिकता दिई विस्तृत कार्ययोजनाका साथ यस अभियानलाई अगाडी बढाउनु पर्दछ।

**६.१. वैचारिक प्रशिक्षण तथा राजनीतिक अभिमुखीकरण**

वैचारिक राजनीतिक काम भनेको पार्टीले अगाडी सारेको नेपाली क्रान्तिको सिद्धान्त, यसको कार्यदिशा, रणनीति र कार्यनीति, राज्य पुनर्सरचना र पहिचानको आन्दोलन, नेपालको संविधानमा हामीले चाहेको संशोधन, पार्टी निर्माणको दिशा र सङ्गठनात्मक सिद्धान्त, नेपालका वर्तमान राजनीतिक पार्टीहरूबिचको भिन्नता, पार्टी एकीकरणको महत्त्व लगायत समसामयिक राजनीतिका विषयहरू हुन्। यस्ता विषयहरूमा सिङ्गो पार्टीको समान बुझाई हुनु पर्दछ। पार्टीका नेता कार्यकर्ताहरूको वैचारिक सैद्धान्तिक स्तरलाई उन्नयन गर्नका लागि केन्द्रीय पार्टी स्कूल तथा प्रशिक्षण विभागले विभिन्न स्तरका लागि फरक पाठ्यक्रम विकास गर्ने र प्रशिक्षकहरूको व्यवस्थापन गर्ने काम गर्नु पर्दछ। यस विभागले प्रत्येक प्रदेश र राष्ट्रिय समितिका अगुवाहरूलाई नियमित रूपमा प्रशिक्षण सञ्चालन गनु पर्दछ।

**६.२. पार्टी समायोजन तथा सङ्गठन सुदृढीकरण**

हाम्रो पार्टी निर्माणको आधारभूत दिशा जनसङ्घर्ष र राजनीतिक प्रतिस्पर्धामा श्रेष्ठता स्थापित गर्न सक्ने गरी जनआधारित कार्यकर्ता पार्टीको निर्माण गर्नु हो। यस नीतिअनुसार प्रत्येक कार्यकर्ता जनतामा आधारित हुनु पर्दछ। पार्टीलाई सबै वर्ग, जाति, क्षेत्र र लिङ्गका जनतामा फैलाउनु पर्दछ। यसका लागि सबैभन्दा पहिला पार्टी समायोजनको कामलाई तदारुकताका साथ सम्पन्न गर्नु पर्दछ र कार्यकर्ता निर्माण तथा प्रशिक्षणको कामलाई व्यापक गर्नु पर्दछ। पार्टी सुदृढीकरण तथा जनजागरण (सुज) अभियानको लक्ष्य वडा तहसम्म पार्टीलाई विस्तार र सुदृढीकरण गर्ने तथा प्रत्येक वडामा १ वडा समिति र कम्तिमा ४ वटा प्रारम्भिक समिति निर्माण गर्ने हुनु पर्दछ।

**६.३. जनजागरण तथा जनसङ्घर्षको विकास**

कुनै पनि सङ्घर्षको विकासको आधारभूत सर्त भनेको जनतामा चेतनाको विकास हो। यसका लागि ठोस योजना बनाएर पार्टी नीतिको प्रचार प्रसार, जनमत निर्माण र निर्णायक सङ्घर्ष विकास गर्ने निरन्तर प्रयास गर्नु पर्दछ। हामीले राष्ट्रिय मुक्ति आन्दोलनको विकासका लागि पार्टीको १० जोड १ राष्ट्रिय समितिहरूको समन्वय गरी 'राष्ट्रिय पहिचान जनसङ्घर्ष समिति'को निर्माण गर्ने पार्टीको पूर्ववत निर्णयलाई यसै अभियानको दौरान कार्यान्वयन गर्नु पर्दछ। त्यसरी नै हामीले सङ्घ, प्रदेश र स्थानीय स्तरमा भइरहेको भ्रष्टाचार, महङ्गी, कालाबजारीको विरुद्ध तथा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, साँस्कृतिक सम्पदाको संरक्षण लगायत जनसरोकारका विभिन्न सवालमा जनसङ्घर्ष विकास गर्न जोड दिनु पर्दछ। यसका लागि पार्टीको पहलमा सर्वदलीय प्रकृतिको जनसरोकार समितिहरू बनाएर पार्टीको नेतृत्व स्थापित गर्ने काम पनि गर्नु पर्दछ।

**६.४. संविधान संशोधनका लागि राजनीतिक ध्रुवीकरण**

वर्तमान संविधान निर्माणको बखतदेखि नै हामी दुवै पूर्ववर्ती पार्टीले संविधान संशोधनका लागि माग र मुद्दाहरू उठाउँदै सङ्घर्ष गर्दै आएका थियौँ। पार्टी एकीकरणपछि हाम्रो पार्टी आन्दोलनको केन्द्र बन्न पुगेको छ। तर संसदभित्रको शक्ति सन्तुलनको अवस्था भने हाम्रो मात्र शक्तिले संविधान संशोधन गर्न सकिने अवस्था छैन। त्यसैले सडकमा जनसङ्घर्षको विकासका साथै सदनमा संविधान संशोधनका लागि वृहत राजनीतिक ध्रुवीकरण गर्न सक्नु पर्दछ। त्यसरी नै हाम्रो नीति, विचार र सिद्धान्तमा सहमत अन्य राजनीतिक दलहरूलाई पनि यसै अभियानको दौरान एकीकृत गर्ने र व्यापक रूपमा पार्टी प्रवेश गराउने काम पनि गर्नु पर्दछ।

**६.५ पार्टी कार्यालय तथा प्रचारात्मक कामको व्यवस्था**

पार्टी कार्यालय पार्टीको वैचारिक तथा सङ्गठनात्मक कामको केन्द्र हो। कार्यालय व्यवस्थित भए पार्टीका धेरै कामहरू त्यहिंबाट व्यवस्थित हुन्छ। पार्टीविरुद्ध अन्य राजनीतिक शक्तिहरूले फैलाएका भ्रमहरू र दुष्प्रचार चिर्ने र आफ्नो नीति, सिद्धान्त र विचारको व्यापक रूपमा प्रचार प्रसार र प्रकाशन गर्ने कामका निमित्त पार्टी कार्यालयमा प्रचार तथा प्रकाशन विभाग रहनु पर्दछ। पार्टीको सिद्धान्त राम्रो छ र सङ्गठन मजवुत छ भने पनि त्यसलाई प्रचार प्रसार नगरी जनताले थाहा पाउँदैन। एकाइसौं शताब्दी विज्ञान, प्राविधि तथा ज्ञान संयन्त्रको युग हो। यसले सूचना र सञ्चार क्षेत्रमा पनि क्रान्ति ल्याएको छ। त्यसअनुरूप सबै तहका पार्टी समितिहरूले आफ्नो कामको तरिकालाई व्यवस्थापन गर्न जरुरी छ।

**६.६. प्रदेश सरकार तथा स्थानीय तहको परिचालन**

हाम्रो पार्टीले गत ३ वर्षदेखि प्रदेश नं. २ अर्थात मधेस प्रदेशको सरकारको नेतृत्व गरिरहेको छ। यो हाम्रो पार्टीको लागि ठूलो चुनौति र अवसर पनि हो। चुनौति यस अर्थमा कि हामीले अरु प्रदेशभन्दा हाम्रो पार्टीको नेतृत्व रहेको मधेस प्रदेशमा अरु प्रदेशमा भन्दा फरक ढङ्गले जनताको पक्षमा काम गर्न सक्यौँ कि सकेनौँ ? त्यस प्रदेशमा सङ्घीयता, समानुपातिकता, समावेशिता, समृद्धि र सुशासनको दृष्टिले अरु प्रदेशको तुलनामा श्रेष्ठता स्थापित गर्न सकेका छौँ कि छैनौँ ? हामी जनताको परिक्षामा छौँ। हामीले अरु प्रदेशको तुलनामा श्रेष्ठता स्थापित गर्न सक्यौँ भने त्यसको प्रभाव अरु प्रदेशमा मात्र होइन सङ्घीय सरकारमा समेत पर्ने छ। यो हाम्रा लागि अवसर हो। त्यसैले हामीले यो अवसरलाई जनताले अनुभूत गर्ने गरी सदुपयोग गर्न सक्नु पर्दछ। मधेस सरकारको प्रभावकारिता र छवी अरु प्रदेशमा पार्टी विस्तारका लागि पनि महत्त्वपूर्ण आधार हुने छ। त्यसरी नै हाम्रो पार्टीले जितेका स्थानीय तहका सरकारहरूको प्रभावकारी परिचालनका लागि पनि सम्बन्धित तहको पार्टीले ठोस योजना बनाउनु पर्दछ। आवश्यकता परे असल जनसेवक कसरी बन्ने भन्ने जस्ता विषयहरूमा सुशासन विज्ञहरूबाट प्रशासकीय दक्षताका लागि प्रशिक्षणको पनि व्यवस्था गर्नु पर्दछ।

**६.७ कोभिडको दोस्रो लहरको सामना गर्नेबारे**

यतिबेला जनता भोक, रोग, अशिक्षा, बेराजगारी र विपन्नताबाट मात्र होइन कोभिडजस्तो महामारीबाट समेत पीडित छन्। कोभिड महामारी एकाइसौँ शताब्दीमा मानव समुदायमा देखापरेको एउटा ठूलो चुनौति हो। यस चुनौतिलाई सामना गर्न विश्व ज्ञान, विज्ञान र आविस्कारको क्षेत्रमा अझै धेरै काम गर्नुपर्ने देखिएको छ। नेपालले पनि यसका लागि साझेदारी गर्नु पर्छ। यसको उन्मुलनका लागि उचित व्यवस्थापन, अनुगमन र कार्ययोजना बनाई अगाडी बढ्न हाम्रो पार्टीले उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउन सरकारसँग माग गरेको थियो। तर आफ्नो अव्यवस्था, भ्रष्टाचार र कमिशनतन्त्रको पोल नखुलोस भन्नाका लागि सरकारले यसलाई अस्वीकार गऱ्यो। आज कोभिडको महामारीलाई रोक्न डाक्टर, नर्स लगायत आवश्यक स्वास्थ्यकर्मी तथा जनशक्ति, हस्पिटल बेड, आइसोलसन केन्द्र, अक्सिजन, आईसीयू, भेन्टिलेटर र औषधीको यथोचित व्यवस्था गर्न सकेको छैन। सरकारले जिम्मेवारीपूर्वक आपतकालीन व्यवस्थापन गर्न पर्याप्त ध्यान नदिँदा अस्पतालहरूमा कोभिडका बिरामीहरू अकाल मृत्यूवरण गर्न बाध्य भइरहेको छ। हाम्रो पार्टीले पनि यसमा आवश्यक सजगता अपनाउँदै महामारी रोकथाम गर्न आफ्नो शक्ति पचालन गर्नु पर्दछ। यस कामलाई पार्टीको सरकार रहेका २ नम्बर प्रदेशले विशेष ध्यान दिनु पर्दछ।

**प्रिय साथीहरू,**

हामीहरू पार्टी एकीकरणपछि देशमा नयाँ बैकल्पीक राष्ट्रिय शक्ति निर्माण गर्ने महान अभियानमा जुटिरहेका छौँ। हामी विचारको दृष्टिले वैकल्पिक र शक्तिको दृष्टिले पहिलो बन्ने अभियानका अभियन्ता हौँ। पुरानो विचार बोकेर बैकल्पिक शक्ति निर्माण हुँदैन। त्यसका लागि विचार, सङ्गठन, सङ्घर्ष सबै हिसावले नयाँ ढङ्गको, हरेक क्षेत्रमा आफ्नो अलग विकल्प भएको तथा सङ्घीयता, सुशासन, समृद्धि र समाजवाद निर्माणको कार्यभारहरूलाई पूरा गर्न सक्ने पार्टी हुनु पर्दछ। नेपालमा नेपाली काङ्ग्रेसले अगाडी सारेको लोकतान्त्रिक समाजवाद र कम्युनिष्ट पार्टीहरूले अगाडी सारेको समाजवादउन्मुख जनवाद असफल भइसकेको छ। यस्तो परिस्थितिमा हामीले बिकल्पको रूपमा अगाडी सारेको नेपाली क्रान्तिको सिद्धान्त समुन्नत सङ्घीय समाजवाद, नेपाली समाजमा विद्यमान वर्ण, वर्ग र लिङ्ग आदिका आधारमा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र उत्पीडनको अन्त्य, सङ्घीय ढाँचाको पार्टी निर्माण, सामुहिक नेतृत्व र समावेशी प्रतिनिधित्व, बहुराष्ट्रिय राज्यको निर्माण र वहुलतायुक्त राष्ट्रवादको विकास तथा पहिचान, स्वायत्तता र समानुपातिक समावेशी अधिकारजस्ता युगान्तकारी परिवर्तनका विचार र मुद्दाहरू निश्चित रूपमा पनि ऐतिहासिक महत्त्वका छन्। यस कामलाई सार्थक बनाउन हामी सबै आआफ्नो ठाउँबाट जुटौँ। आउनु होस, पार्टी एकीकरणबाट प्राप्त वैचारिक उर्जालाई पुँजीकृत गरी सङ्गठनात्मक शक्तिमा रूपान्तरित गरौँ, पार्टी सुदृढीकरण र जनजागरण अभियानलाई साकार पारौँ, युगले हाम्रो पार्टीको काँधमा सुम्पेको अभिभारालाई पूरा गरौँ। धन्यवाद।

(१८ अगस्त, २०२१ (२ भाद्र, २०७८)

**जनता समाजवादी पार्टी, नेपाल**
**केन्द्रीय कार्यकारिणी समिति**

# ‘सबैको उत्थान र विभेदबाट उन्मुक्ति हाम्रो अभियान’




काठमाडौं । नवगठित लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले उत्पीडित, उपेक्षित तथा सीमान्तकृत जनसमुदायको उत्थान र विभेदबाट उन्मुक्ति नै आफ्नो पार्टीको अभियान रहेको बताएका छन् । शुक्रबार बबरमहलस्थित केन्द्रीय कार्यालयमा लोसपाको झण्डोतोलन गर्दै अध्यक्ष ठाकुरले यस्तो प्रतिबद्धता गरेका छन् ।

अध्यक्ष ठाकुरले सम्बोधनपश्चात् जारी गरेको एक विज्ञप्तिमा भनेका छन्, ‘मधेशी, जनजाति र विपन्न वर्गको उन्थानका लागि प्रतिबद्ध छौं ।’

‘लोकतान्त्रिक समाजवादी पार्टी आफ्ना आदर्श र मधेशी, थारु, आदिवासी, जनजाति, मस्लिम, शिल्पी (दलित) पछाडि परिएका खस लगायत सिमान्तिकरणमा पारिएका सबैको उत्थान र विभेदबाट उन्मुक्तिको अभियानप्रति सम्पूर्ण निष्ठाका साथ प्रतिवद्ध रहने छ ।’ उनले भने ।

ठाकुरले नेपालको जनताको विविधताको सम्मान, तीनलाई हरेक राजकीय क्षेत्रमा सहभागिताको समान अवसरले नै बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त सशक्त राष्ट्रिय एकताको एकमात्र आधार हो भन्ने तथ्यलाई लोसपाले आत्मसात गर्ने र आफ्नो यात्राको मूल लक्ष्य निर्धारित गरेको उल्लेख गरेका छन् ।

’लोकतन्त्र र समाजवादी लोक कल्याणकारी संघीय, समावेशी राज्यप्रति पूर्ण प्रतिबद्धताका साथ उदित भएको लोकतान्त्रिक समाजवादी पार्टी नेपालको स्थापनाको अवसरमा देशभरीका सम्पूर्ण लोकतन्त्रवादी, समानता, विविधता, समावेशिता पहिचान, सम्मानको निम्ति संघर्षरत उत्पीडित सबै क्षेत्र र वर्गको राज्य प्रणालीमा सहभागिता सहितको लोकल्याणकारी संघीय राज्यका समर्थक सबैबाट प्राप्त सहयोगको लागि हार्दिक आभार अभिव्यक्त गर्दछौं,’ विज्ञप्तिमा भनिएको छ ।

पार्टीको सफल सञ्चालन तथा उपलब्धिपूर्ण अभियानको निम्ति सम्पूर्ण सहयोग, समर्थन र सहभागिताको निम्ति अध्यक्ष ठाकुरले किसान, मजदुर, महिला बुद्धिजीवी, कर्मचारी, युवा, विद्यार्थी, सबैमा अपिलसमेत गरेका छन् ।

# आगामी निर्वाचनमा कांग्रेसलाई पहिलो पार्टी बनाउन मेरो उम्मेद्वारी : निधि

काठमाडौं। नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले पार्टीको आसन्न१४ औं महाविधेशनको तयारीलाई तीव्रता दिएका छन्। सभापतिका प्रत्यासी निधिले सम्पर्क कार्यालय नै खोलेर पार्टी सभापति पदको लागि सशक्त दाबेदारी प्रस्तुत गरेका छन्। उनले शुक्रबार काठमाडौंको नयाँ बानेश्वरस्थित बानेश्वर बैंकटमा सम्पर्क कार्यालय खोलेका हुन्। उपसभापति निधिले सभापतिमा उम्मेदवारी दिने यसअघि नै घोषणा गरिसकेका छन्।



सम्पर्क कार्यालय खोलेर निधिले पार्टी सभापतिको उम्मेदवारीबाट पछाडि नहट्ने संकेत गरेका हुन ।

त्यस अवसरमा बोल्दै उपसभापति निधिले आगामी चुनावमा कांग्रेसलाई पहिलो नम्बरको पार्टी बनाउनुपर्नेमा जोड दिए। यसैका लागि आफूले सभापतिमा उम्मेदवारी दिन लागेको उनले बताए। ‘आगामी निर्वाचनमा रुखलाई पहिलो बनाउन नै मैले सभापतिमा उम्मेदवारी दिने निर्णय गरेको हुँ। रुख छाप हामी सबै नेपाली जनताको हो। म आममतदातालाई भन्न चाहन्छु कि, रु ख छापले मात्र नेपाली जनताको भलो गर्नसक्छ’, निधिले भने। कार्यतालिकाअनुसार अधिवेशन सुरु हुनुपूर्व नै निधिले सभापतिका लागि उम्मेदवारी दिने दोहोऱ्याएका हुन्। यसैको तयारीस्वरूप उनले सम्पर्क कार्यालय खोलेका हुन। सभापति पदमा उम्मेदवारी दिने निर्णय गरेकाले तयारीमा लाग्न सम्पर्क कार्यालय खोल्न लागेको निधिले जानकारी गराए।

उनले सभापति शेरबहादुर देउवालाई समेत आफूले उम्मेदवारी दिने जानकारी गराइसकेका छन्। तर, देउवाले भने सभापतिमा दाबेदारी नगर्न र आफूलाई सहयोग गर्न आग्रह गर्दै आएका छन्।

पार्टीका पूर्व महामन्त्री महेन्द्रनारायण निधिका पुत्र विमलेन्द्रले जननायक वीपी कोइराला पुत्र एवम् कांग्रेस महामन्त्री डा. शशांक कोइराला तथा लौहपुरुष गणेशमान सिंहका पुत्र एवम् कांग्रेस केन्द्रीय सदस्य प्रकाशमान सिंहसँग पनि चुनावी तालमेलका लागि छलफल गरिसकेका छन्।

उनीहरुले सबै सम्पर्क कार्यालय खोलिसकेका छन्। १३ औं महाधिवेशनका सभापतिमा उम्मेदवार कृष्ण सिटौलाले गौशालामा, महामन्त्री डा. शशांक कोइरालाले महाराजगञ्जमा, वरिष्ठ नेता रामचन्द्र पौडेलले अनामनगरमा, प्रकाशमान सिंहले बानेश्वरमा तथा केन्द्रीय सदस्य डा.शेखर कोइरालाले अनामनगर र विशालनगरमा सम्पर्क कार्यालय खोलिसकेका छन्।

दोस्रो पटक सभापति बन्ने योजनाका साथ अगाडि बढेका देउवाको सम्पर्क कार्यालय पार्टी मुख्यालय वीपीनगरमै रहेको छ।

मंसिरमा काठमाडौंमा हुने कांग्रेसको १४ औं महाधिवेशनका लागि यही भदौ १८ गतेदेखि स्थानीय तहदेखि महाधिवेशन कार्यक्रम शुरु हुँदैछ। तर जिल्ला सभापतिहरु कांग्रेस मुख्यालय वीपीनगर बल्खुमा गत बुधबारदेखि रिले अनसनमा रहेकाले निर्धारित मितिमै महाधिवेशनको कार्यक्रम शुरु हुनेमा आशंका व्यक्त गरिएको छ।

असन्तुष्ट जिल्ला सभापतिहरुले क्रियाशील सदस्यहरुको नामावली सार्वजनिक गर्न माग गरेका छन्। उनीहरुले संस्थापनले विभिन्न जिल्लामा घोटाला गरेको आरोप लगाउँदै आएका छन्।

## कपिलवस्तुमा बिपी स्मृति भवन

कपिलवस्तु । प्रधानमन्त्री शेरबहादुर देउवाले कपिलवस्तुको तौलिहवामा नवनिर्मित बिपी स्मृति भवनको उद्घाटन गरेका छन् । जुम बैठकमार्फत् प्रधानमन्त्री तथा काँग्रेस सभापति देउवाले बिपी स्मृति भवन तथा नेपाली कांग्रेस कपिलवस्तुको भवनको उद्घाटन गरेका हुन् । सो अवसरमा सम्बोधन गर्दै देउवाले नवनिर्मित भवनलाई एकताको भवनका रुपमा स्थापित गर्नु पर्ने बताए । उनले आउन लागेको स्थानीय निकायको निर्वाचनमा सबै पार्टी कार्यकर्ताहरु एकवद्ध भई कांग्रेसको उम्मेदवारलाई जिताउन अपिल गरे ।

यस्तै कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले नवनिर्मित भवनभित्र कांग्रेस र प्रजातन्त्रको आत्मा हुनुपर्ने बताए । ‘मुलुक नयाँ अध्यायतर्फ गएको छ, फेरि उही पुरानो प्रवृत्तितर्फ लगे उपलब्धिको कुनै मतलब हुँदैन’ उनले भने । अहिलेको स्थितिमा कांग्रेस एकबद्ध भई सशक्त रुपमाअघि बढनुपर्ने उनले बताए ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको ‘रेकर्ड’ राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


## मधेश अपडेट

### कपिलवस्तुमा कांग्रेसको कार्यालय उद्घाटन

कपिलवस्तु । प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारले कांग्रेस एकढिक्का भएर बढ्ने दाबी गरेका छन् । बुधबार बिहान कांग्रेस कपिलवस्तु कार्यालयको समुद्घाटन गर्दै उनले यस्तो दाबी गरेका हुन् । भर्चुअल माध्यमबाट भएको कार्यक्रममा देउवाले स्थानीय निर्वाचनमा जित्ने गरी क्रियाशील भएर लाग्न कार्यकर्तालाई निर्देशनसमेत दिए । उनले सरकार गतिशील बन्ने दाबी पनि गरे । वरिष्ठ नेता रामचन्द्र पौडेलले राजनीतिबाट जनता निराश भएको हुँदा जनताको निराशा हटाउने गरी कांग्रेसले नेतृत्व गर्नुपर्नेमा जोड दिए । सरकारमा सहभागी हुँदै पार्टीलाई सजग बनाई नेपालमा समावेशी लोकतन्त्र संस्थागत गर्ने दायित्व पूरा गर्नुपर्ने समय आएको नेता पौडेल बताए । ओली नेतृत्वको सरकार ढलेपछि कांग्रेस नेतृत्वको सरकार बनेको भन्दै उनले सरकारको औचित्य पुष्टि गर्ने बेला आएको बताए । जिल्ला सदरमुकाम तौलिहवा मालपोत कार्यालय नजिकै बनेको दुई तल्ले भवन पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेस सभापति स्वर्गीय सुशील कोइरालाले शिलान्यास गरेका थिए ।

### ‘मुख्यमन्त्रीमा नियुक्त गर्नु असंवैधानिक’

विराटनगर । प्रदेश १ का विपक्षी गठबन्धनले मुख्यमन्त्री भीम आचार्यको नियुक्ति बदर गर्न माग गरेको छ । मुख्यमन्त्रीको नियुक्ति असंवैधानिक भएकोसमेत उनीहरुको ठहर छ । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टीको गठबन्धनको बिहीबार सम्पन्न बैठकले मुख्यमन्त्रीको नियुक्ति बदर गर्न र अल्पमतमा परेको सरकारले महत्वपुर्ण निर्णय नगर्न तथा मन्त्रिपरिषद विस्तार नगर्नसमेत माग गरेको छ । एमाले विभाजन भई नेकपा (एकीकृत समाजवादी) दललाई निर्वाचन आयोगले आधिकारिकता दिएसँगै आफूहरूको बहुमत पुगेको भन्दै हतार हतार मुख्यमन्त्री नियुक्त गरिएको गठबन्धनको आरोप छ । प्रदेशका सांसद रहेका नेताहरूलेसमेत आयोगमा गएर हस्ताक्षर गरिसकेपछि मुख्यमन्त्री नियुक्ती गर्नु गलत भएको गठबन्धनको ठहर छ । प्रदेशमा एकीकृत समाजवादी दलका सांसदहरुले आयोगबाट प्रमाणपत्र पाएपछि प्रदेश प्रमुखलाई बहुमत सांसदको हस्ताक्षर बुझाउने जनाएका छन् । बुधबारमात्रै प्रदेश निर्वाचन आयोगमा १० जना सांसदले एकीकृत समाजवादीको पक्षमा हस्ताक्षर गरेका छन् ।

### ‘ठाकुर र महतो प्रतिगमनको मतियार’

वीरगन्ज । जनता समाजवादी पार्टी, नेपाल (जसपा)का अध्यक्ष उपेन्द्र यादवले खड्गप्रसाद ओलीले ‘कु’ गर्न खोजेको भन्दै महन्थ ठाकुर र राजेन्द्र महतो प्रतिगमनको मतियार भएको आरोप लगाएका छन् । जसपाले शनिबार वीरगञ्जमा आयोजना गरेको प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै यादवले ओलीको ‘कु’लाई ठाकुर-महतोले साथ दिएर ओलीको कित्तामा गएर सहयोग गरेको बताए । ‘ओलीले ‘कु’ गर्न खोजेका थिए । प्रतिगमन गर्न खोजेका थिए’, उनले भने, ‘महन्थ ठाकुर र राजेन्द्र महतोहरू केपी ओलीको मतियार बनेर ओलीकै कित्तामा गएर सहयोग गरे ।’ अध्यक्ष यादवले भने, ‘ओलीले शुरुमा संसद विघटन गर्दा ठाकुर-महतोजीले प्रतिगामी भनेर आन्दोलन गर्नुभयो । ओलीले दोस्रो पटक संसद विघटन गर्दा उहाँहरूले ‘यू’ टर्न गर्नुभयो । ठाकुर-महतोहरू प्रतिगमनको मतियार बन्न कसरी पुगे ? आश्चर्य भएको छ ।’ ‘ओलीले पहिलो पटक संसद विघटन गर्दा प्रतिगन भनेर उहाँहरू सँगै आन्दोलनमा हुनुहुन्थ्यो’, यादवले भने, ‘दोस्रो पटक संसद विघटन गर्दा उहाँहरू समर्थन गरेर सरकारमा सहभागी हुनुभयो ।’

### उचित बासस्थानका लागि पहल गरिदिन आग्रह

नेपालगन्ज । बाँकेको डुडुवा गाउँपालिका वडा- २ कधैपुरवाका बहुरी लोनियाले आफुहरूको उचित बासस्थानका लागि पहल गरिदिन आग्रह गरेका छन् । उनी गत ११ भदौमा घर नजिकै रहेको डुडुवा नदीमा आएको बाढीले कटान गरी घर भत्काइदिएपछि बाढीपीडित बनेका छन् । उनकी छिमेकी मताला लोनियाको पनि सोही बाढीमा घर बगेपछि एकसरो लुगाबाहेक अरू आफूहरूसँग केही नभएको बताइन् । झरी परिरहँदा उनले ओत लाग्ने घर नहुँदा तीन दिनदेखि आफ्नो परिवार बिचल्लीमा परेको गुनासो गर्दै भनिन्, ‘साहब, शिर ओत लाग्ने सुरक्षित ठाउँ दिनुपऱ्यो ।’ उनीहरू दुवै जनाले आफ्नो गाउँमै पुगेका जिल्ला विपद् व्यवस्थापन समितिका संयोजकसमेत रहेका बाँकेका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालसहितको टोली समक्ष यस्तो याचना गरेका हुन् । प्रमुख जिल्ला अधिकारी गेलालको टोली बाढीपीडिको अवस्था बुझ्ने र राहत वितरण गर्ने उद्देश्यले कधैपुरवा पुगेका थिए । डुडुवा गाउँपालिका राप्ती नदी र डुडुवा नदीमा आउने बाढीका कारण बर्सेनि डुबान, कटान र पटान जस्ता समस्याले प्रभावित हुँदै आएको छ । गत ११ भदौको बाढीका कारण डुडुवा नदी कधैपुरवा गाउँको उत्तरबाट कटान गर्दै गाउँतर्फ पसेको थियो । ‘साहेब, घर कहाँ बनाएर बसौं ? भएको जमिन डुडुवा नदीको किनारमा छ । तीन दिनदेखि बिचल्लीमा परेका छौं’, बहुरीले दुखेसो पोखे । उनले नदीको कटानलाई रोकथाम गर्न नसके कधैपुरवा गाउँ नै जोखिममा पर्ने चेतावनीसमेत दिए । तीन दिनअघि आएको बाढीले कधैपुरवाका तीनवटा घर पूर्ण रूपले बगाएको छ । पीडितहरू आफन्त तथा सामुदायिक विद्यालयमा आश्रय लिएर बसेका छन् ।

### लुम्बिनीमा जसपाबाट भट्टराई निर्वाचित

रूपन्देही । लुम्बिनी प्रदेशसभामा जनता समाजवादी पार्टी (जसपा) ले कारबाही गरेपछि रिक्त भएको प्रदेशसभा सदस्यमा रुपन्देहीकी निर्मला मुडभरी भट्टराई निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ । यसअघि समानुपातिक सांसद रहेकी कल्पना पाण्डेलाई कारबाही गरी जसपाले हटाएको थियो । त्यो निर्णयविरुद्ध उनीसहित ४ सांसद सर्वोच्चमा गएका थिए । उक्त मुद्दाको अन्तिम फैसला भएको छैन । भदौ २१ मा तोकिएको फैसला नआउँदै आयोगले कल्पनाको स्थानमा निर्मलालाई ल्याएको हो । जसपा नेपालका तर्फबाट लुम्बिनी प्रदेशसभा सदस्य कल्पना पाण्डे लम्सालको रिक्त भएको पदमा समानुपातिक मधेशी समावेशी समूहबाट निर्मला निर्वाचित गरेको निर्वाचन आयोगले जनाएको छ । आयोगका सचिव सुरेश अधिकारीले लुम्बिनी प्रदेशसभा सचिवालयलाई पत्र पठाउँदै निर्मला निर्वाचित भएको जानकारी गराएका छन् । साउन ३२ गते जसपा केन्द्रीय कार्यकारिणी बैठकको निर्णयअनुसार बन्दसूची उम्मेदवारमध्येबाट निर्मलालाई आयोगको भदौ १० गते बैठकले रिक्त पदमा निर्वाचित गरेको उल्लेख गरेको छ । जसपाले एमालेका शंकर पोखरेल नेतृत्वको सरकारमा मन्त्री भएको भन्दै कल्पना पाण्डेसहित सन्तोषकुमार पाण्डेय, विजयबहादुर यादवलाई कारबाही गरी प्रदेशसभा सदस्यबाट निलम्बन गरेको थियो । कल्पनाको सांसद पद रिक्त भएपछि निर्मलालाई सिफारिस गरिएको थियो । उक्त सिफारिसअनुसार आयोगले निर्मला निर्वाचित भएको घोषणा गरिसकेको जसपा लुम्बिनीका मुख्य सचिव यज्ञ पोखरेलले बताए । उनले एक हप्ताभित्र निर्मलाले सपथ लिनेसमेत जानकारी दिए ।

### बाँके कांग्रेस सदस्यता विवाद यथावत्

नेपालगन्ज । बाँकेमा नेपाली कांग्रेसको सदस्यता विवाद टुंगो नलागेपछि शुक्रबारदेखि शुरु हन लागेको वडा अधिवेशन प्रभावित भएको छ । केन्द्रीय निर्वाचन तालिकाअनुसार शुक्रबार सबैभन्दा तल्लो तहको अधिवेशन हुने तय भएको छ । तर बाँके जिल्लाको क्षेत्र नम्बर १ मा रहेको विवाद समाधान भइसकेको छैन । क्रियाशील सदस्यतामा व्यापक धाँधली गरेको भन्दै उजुरी लिएर युवा नेता पोषण केसी काठमाडौं गएका छन् । नेपाल पत्रकार महासंघको केन्द्रमा दुई पटक अध्यक्षको प्रत्यासी रहेका केसी अहिले बाँकेको क्षेत्रीय सभापतिका दाबेदार हुन् । पूर्व पार्टी सभापति सुशील कोइरालाको नजिक मानिने केसी अहिले पनि कोइराला समूहमै छन् ।

### प्रदेश २ मा भारतीय पर्यटक बढाइने

वीरगन्ज । नेपाल उद्योग वाणिज्य महासंघले प्रदेश २ मा पर्यटन गतिविधिहरु बढाउने भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश २ को बसेको बैठकले प्रदेश २ मा भारतीय पर्यटक भित्र्याउनका लागि सहज वातावरण सिर्जना गर्न विभिन्न कार्यक्रम गर्ने निर्णय गरेको हो । नेपाल-भारत सीमामा हुने समस्या सहज बनाउने, सिमरादेखि पोखरासम्मको हवाई उडान सेवा संचालनलाई स्थायित्व दिनका लागि आवश्यक योजना बनाउने लगायत निर्णयहरु गरिएको उद्योग वाणिज्य महासंघ प्रदेश २ को पर्यटन तथा हवाई यातायात समितिका सहसंयोजक सञ्जय अग्रवालले जानकारी दिए । यस्तै प्रदेश २ मा रहेका पर्यटकीय स्थलहरुको पहिचान तथा व्यवस्थापन गर्ने निर्णय पनि गरिएको छ । ती पर्यटकस्थलहरुमा भारतीय पर्यटकहरुको सहज पहुँचका लागि यातायात सेवाका लागि ट्याक्सी र अटो चालकलाई तालिम दिने निर्णय पनि गरेको अग्रवालले बताए । भारतीय सीमामा सुरक्षाकर्मीहरुबाट हुने ज्यादती रोक्न भारतीय सीमा क्षेत्रका सुरक्षाकर्मीहरुसँग अन्तक्रिया गर्ने निर्णय पनि गरिएको उनले बताए ।

# सात प्रदेशको संरचना बदल्नुपर्छ : अध्यक्ष यादव

भैरहवा । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले राज्य पुनः संरचना सच्याउन आवश्यक भएको बताएका छन् । जसपाले आइतबार भैरहवामा आयोजना गरेको प्रदेशस्तरीय अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै यादवले तराई र मधेशका जिल्लाहरुलाई मिसाएर प्रदेशहरु बनाइएको हुँदा समस्या भएको बताए । राज्य पुनः संरचना गलत हुँदा नागरिकमा भाषाको समस्या भएको उनले बताए । 'हिन्दीमा बोल्दा पहाडका साथीहरुले, नेपालीमा बोल्दा मधेसका साथीहरुलाई भाषा बुझ्न् गाह्रो हुन्छ, यो राज्य पुनर्संरचना गलत हुँदा भएको हो'- यादवले भने । नेपाल बहुराष्ट्रिय राष्ट्र भएको भन्दै यादवले सबै समुदायको पहिचान र अधिकारका लागि राज्य पुनः संरचना आयोगको प्रतिवेदनका आधारमा ११ प्रदेश बनाउनु पर्नेमा जोड दिए । 'त्रुटिपूर्ण र विभेदकारी संविधान संशोधन गर्नुपर्छ, सात प्रदेशको संरचना बदल्नु पर्छ'-नेता यादवले भने ।



नेता यादवले निर्वाचन प्रणाली खर्चिलो भएका कारण किसान मजदूरले निर्वाचन लड्न नसकेकाले समानुपातिक निर्वाचन प्रणाली आवश्यक रहेको बताए । उनले सबै भाषाको सम्मान गर्दै विभेद र असमानताको अन्त्य गर्नुपर्ने आवश्यकता रहेको बताए । मधेशी नागरिकलाई विदेशी सरहको नागरिकको रुपमा हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नुपर्ने उनले भने । राज्यले विपन्न वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेण्टी गर्नुपर्ने यादवले बताए । केपी ओलीले दुई पटक संसद विघटन गरेर सम्बिधानमाथी 'कू' गरेको तर आफूहरूले त्यसलाई असफल बनाइदिएको यादवले बताए । प्रतिनिधि सभा पुनःस्थापनले गणतन्त्र संघीयता समावेशिता बचेको भन्दै यादवले थप अधिकारका लागि संविधान संसोधन गर्नुपर्ने बताए । प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय प्रणाली र पूर्ण समानुपातिक संसद हुने शासकीय प्रणाली पार्टीको एजेण्डा रहेको भन्दै यादवले महँगो निर्वाचन प्रणालीमा आमूल परिवर्तन गर्नुपर्ने बताए । नागरिकता विधेयक परिमार्जन गरि सबै नेपाली नागरिकलाई नागरिकता दिनुपर्ने यादवले बताए । आफूलाई मधेशको नेता भन्ने महन्थ ठाकुर समूह प्रतिगमनको मतियार बनेको उनको आरोप छ । उनले महन्थ ठाकुर एण्ड कम्पनी संसद विघटन गर्ने केपी ओलीको मतियार बनेको बताए । यादवले दुई पटक संसद विघटन गरेर ओलीले एकै व्यक्तिलाई दुईपटक मृत्युदण्डको सजाय दिएको बताए । कार्यक्रममा पार्टीका वरिष्ठ नेता अशोक राईले संगठन व्यापक र सुदृढ बनाउन पार्टीको सम्पूर्ण ध्यान केन्द्रित गरिएको बताए । आउँदो चुनावमा श्रेष्ठता हासिल गर्ने कुरालाई मुख्य प्राथमिकतामा राख्न राईले कर्याकर्तालाई निर्देशन दिए । पहिचानसहितको सङ्घियता, प्रदेशहरु स्वायत्त र अधिकार सम्पन्न तथा केन्द्रको हस्ताक्षेप मुक्त बनाउने पार्टीको नीति रहेको राईले बताए । केपी ओलीको सरकार ढलेर नयाँ सरकार बनेपनि प्रतिगमन समाप्त नभएको हुँदा सतर्क भएर अघि बढ्नुपर्नेमा राईले जोड दिए । पार्टी नेता महेन्द्र राय यादवले महन्थ ठाकुर र राजेन्द्र महतो लगायतका नेताहरु केपी शर्मा ओलिको प्रतिगामी कदमको मतियार बनेको र अहिले अलग भएपछि पार्टीमा समस्या नभएको बताए । उनले पार्टी प्रत्यक्ष निर्वाचित रास्ट्रपतिय प्रणालीको पक्षमा रहेको बताए । उनले हिमाल, पहाड र तराई मधेसलाई एकताबद्ध गरी सबै जाति समुदायलाई समान अधिकार दिने वैकल्पिक पार्टी जसपा मात्र भएको दाबी गरे ।

# जनमुखी तथा विकास केन्द्रित बजेट ल्याउँछौं : मुख्यमन्त्री केसी

मणि प्रसाद गैह्रे, कपिलवस्तु ।
लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुल प्रसाद केसीले प्रदेशमा निर्माण भएको गठबन्धनको सरकारले जनमुखी तथा विकास केन्द्रित बजेट ल्याउने बताएका छन् ।
जनता समाजबादी पार्टी नेपालको मायादेबी गाउँपालिका समितिले लुम्बिनी प्रदेशका मुख्यमन्त्रीसहित नयाँ मन्त्रीहरुलाई पडकीमा राखेको स्वागत कार्यक्रममा मुख्यमन्त्री केसीले ओली सरकारले जस्तै हुन नसक्ने खालका कार्यक्रम वर्तमान सरकारले नल्याउने बताए ।
'वास्तविक र हुने खालका कार्यक्रम ल्याउँछौ, हुने खालको जे देख्छौं त्यही कार्यक्रम ल्याउँछौं' उनले भने ।
ओली सरकारले पानी जहाज र घर घरमा ग्यासको पाईप जडान गर्ने ल्याएको कुरा प्रचारका लागि मात्र रहेको भन्दै अहिलेको गठबन्धन सरकारले जनमुखी र कृषि केन्द्रित कार्यक्रम ल्याउने बताए ।
सबै पार्टी तथा विकासमुखी साझा कार्यक्रम ल्याउने बताए । ओलीले




बर्तमान गठबन्धनलाई तोडने कोशिश गरेको भन्दै उनले यो गठबन्धन लामो सयम सम्म रहने दाबी गरे ।
वर्तमान सरकारसंग विकासकालागि सयम कम भएको भन्दै उनले ओली सरकारले गरको काम भन्दा ढेड बर्षको अवधिमै राम्रो गरेर देखाउने बताए ।
वर्तमान सरकारले शिक्षा, स्वास्थ्य, पुर्वाधार पर्यटन विकासमा जोड दिने उनले बताए । कोरोनाको तेश्रो भेरिन्टलाई रोक्न आफनो सरकार जति पनि लागनी गर्न पछि नपर्ने बताए ।
उनले मुटु र मृगौला रोगीको उपचारमा सहजताकालागि ३ लाख रुपैया दिने बताए । उनले प्राचिन बुद्धकालीन शहरलाई चिनाउन कपिलवस्तुका ठुलो भ्यु टावर समेत निर्माण गर्ने योनजा रहेको बताए ।
उनले कपिलवस्तुको शानको रुपमा रहेको कालानमक धानको उत्पादन बढाउन समेत बिशेष कार्यक्रम ल्याउने बताए ।
सो अवसरमा लुम्बिनी प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री तथा जसपाका केन्द्रिय सदस्य सहसराम यादवले ओली गणन्त्र बिरोध रहेको आरोप लागउदै प्रतिगमनलाई परास्त गर्न गठबन्धन सरकार बनेको बताए । वर्तमान गठबन्धन सरकारले जनता र संबिधानको रक्षा गरी देशमा विकास गर्ने उनले दाबी गरे । सो अवसरमा पार्टीका केन्द्रिय सदस्य तथा पुर्वमन्त्री दान बहादुर चौधरीले वर्तमान सरकारले समावेशीलाई बिशेष ध्यान दिनु पर्ने बताए ।
'अहिलेको सरकारले छोटो समय मै धेरै काम गर्न पर्छ' उनले भने । कार्यक्रममा प्रदेश मन्त्री सुमन शर्मा रायमाझी र मन्त्री पुर्णमति ढेंगा जसपा पार्टीका जिल्ला अध्यक्ष शैलेन्द्र यादवको अध्यक्षतामा भएको कार्यक्रममा पार्टी नेता अशोक कुमार यादव, अब्दुल रसिद खा, शुद्धोदन गाउपालिका अध्यक्ष निसार अहमद खां, मायददेवी गाउँपालिकाका अध्यक्ष बजरगी चौधरी लागतयले मन्तब्य दिएका थिए ।

## संक्षिप्त समाचार

### प्रदेश २ का मन्त्री यादवद्वारा पदभार ग्रहण

जनकपुर । प्रदेश २ को अर्थ मन्त्रालयबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका मन्त्री विजय यादवले पदभार ग्रहण गरेका छन् । यादवले जनकपुरधामको मुरली चोकस्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पुगेर पदभार सम्हालेका हुन् । मुख्यमन्त्री लालबाबु राउतले भदौ १३ गते दुई जना मन्त्रीको जिम्मेवारी हेरफेर गरेका थिए । मुख्यमन्त्री राउतले भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहलाई अर्थ र अर्थमन्त्री विजय यादवलाई भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिएका थिए । अर्थ मन्त्रालयको जिम्मेवारी पाएका मन्त्री साहले १४ भदौमा पदभार ग्रहण गरी सकेका छन् ।

### मोटरसाइकल चोरी गर्ने पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१३ तेजारथ टोल बस्ने ३१ वर्षीय सुशिम अधिकारीको घरमा पार्किङ गरी राखेको ना.२२ प ५७५० नम्बरको मोटरसाइकल चोरी गरी भाग्दै गरेको अवस्थामा सोही महानगरपालिका-१४ पिपरा बस्ने २८ वर्षीय राधे पटेललाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । पटेलले मोटरसाइकलको लक खोली चोरी गरी भाग्दै गरेको अवस्थामा वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको गस्ती टोलीले मोटरसाइकल धनीको सहयोगमा उक्त मोटरसाइकल सहित उनलाई पक्राउ गरेको हो । उनी उपर चोरी सम्बन्धी कसूरमा अनुसन्धान प्रकृया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### मटर बरामद

रुपन्देही । रोहीणी गाउँपालिका-७ सेमरहवाबाट अवैध रुपमा भारततर्फ लैजाँदै गरेको करिब २ लाख ४० हजार रुपैयाँ मूल्य बराबरको १ सय २० बोरा मटर मंगलबार बिहान प्रहरीले बरामद गरेको छ । लु. १ ज २६४५ नम्बरको पिकअपमा लैजाँदै गरेको उक्त मटर प्रहरी चौकी मैनिहवाबाट खटिएको प्रहरीले फेला पारी बरामद गरेको हो । पिकअप चालकलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### ग्यास बुलेटको ठक्करबाट १ जनाको मृत्यु

पर्सा । वीरगंज महानगरपालिका-२५ बहुअरी चोकमा एनएल ०१ एबि ४३७३ नम्बरको ग्याँस बुलेटको ठक्करबाट एक जनाको मृत्यु भएको छ । ठक्करबाट साईकलयात्री बहुदरमाई नगरपालिका-२ पिपरा बस्ने ३० वर्षीय लालबाबु साहको मंगलबार दिउँसो घटनास्थलमै मृत्यु भएको छ । ग्याँस बुलेट चालकलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### लागूऔषधसहित पक्राउ

कैलाली । कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका २ भन्सार ईलाकाबाट सशस्त्र प्रहरीले १ सय वटा प्रोक्सीवाल ट्याब्लेट र ५० वटा निट्राभेट ट्याब्लेटसहित कञ्चनपुर जिल्लाको कृष्णपुर नगरपालिका ५ गजरौला बस्ने १८ वर्षिय राहुल ताम्राकारलाई पक्राउ गरेको छ । सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट त्रिनगरबाट खटिएको सशस्त्र प्रहरीले निज ताम्राकारलाई शंका लागि जाँच गर्दा उनको साथमा उक्त लागूऔषध फेला पारेको हो । पक्राउ परेका ताम्राकारलाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाई बुझाइएको छ ।

### सालको गोलिया काठ बरामद

रौतहट । रौतहट जिल्लाको कटहरीया नगरपालिका १ स्थित बकैया खोलाको किनारबाट सशस्त्र प्रहरीले करीव २ लाख १७ हजार रुपैयाँ बराबरको सालको गोलिया काठ बरामद गरेको छ । उल्लेखित मुल्य बराबरको ६२ क्यूफिट सालको गोलिया काठ सशस्त्र प्रहरी बल नेपाल फरवार्ड सुरक्षा वेश जङ्गलशैयाबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद काठ वन कार्यालय जंगलशैयाँमा बुझाइएको छ ।

### हातहितयारसहित एक जना पक्राउ

मोरङ । कानेपोखरी गाउँपालिका-६ शिवालय चोक बस्ने ३० वर्षीय रुद्र बहादुर क्षेत्रीलाई प्रहरीले विभिन्न हातहतियारसहित पक्राउ गरेको छ । मेड ईन युएसए लेखिएको १ थान पेस्तोल, सोही पेस्तोलमा लाग्ने ३ राउण्ड गोली र १ थान खुकुरीसहित मंगलबार राति प्रहरीले क्षेत्रीलाई पक्राउ गरेको छ । उनले आफ्नै घरमा पेस्तोल लुकाई राखेको भन्ने सूचनाको आधारमा प्रहरी चौकी रमाईलो र सशस्र प्रहरी बल सुरक्षा बेश शनिश्चरेबाट समेत खटिएको टोलीले उनको घरमा तलासी गर्ने क्रममा उक्त हतियार सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

### ट्रकको ठक्करबाट एकको मृत्यु

कपिलवस्तु । वाणगंगा नगरपालिका-१ बुङचीस्थित सडकमा ना.३ ख ५९०९ नम्बरको ट्रकले लु.२७ प ६९३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा एकको मृत्यु भएको छ । मंगलबार राति ठक्कर दिँदा मोटरसाइकल चालक पाल्पा रैनादेवी गाउँपालिका-५ बस्ने २६ वर्षीय बिनोद सुनारको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशीक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार ट्रक चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### डान्सबारमा आगलागी हुँदा लाखौंको क्षति

कैलाली । गोदावरी नगरपालिका-३ मालिका टोल बस्ने भोज बहादुर खत्रीले सोही नगरपालिका-२ बसपार्कमा संचालन गरेको टेक्सास डान्सबारमा आगलागी हुँदा करिब ३ लाख ८० हजार रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । प्रहरी र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### नेपालीलाई नाकममै खोप

कैलाली । भारतबाट घर फर्किने नेपालीलाई सीमा नाकामै कोभिड-१९ विरुद्धको खोप दिन थालिएको छ । जिल्ला स्वास्थ्य कार्यालय कंचनपुरको सहयोगमा भिमदत्त नगरपालिकाले गड्डाचौकी नाका भएर नेपाल फर्कनेहरूलाई सीमामै कोभिड-१९ विरुद्धको खोप दिन थालेको हो । भारतबाट नेपाल फर्कनेहरूको एन्टिजेन टेस्ट गरेर नेगेटिभ आएकालाई अस्ट्राजेनेकाको खोप लगाइएको हो । सरकारको निर्णय अनुसार भारतबाट फर्किनेलाई अहिले अस्ट्राजेनेकाको खोप दिइँदैछ । पहिलो डोज नाकामा लगाएकाहरूले दोस्रो डोज भने सम्बन्धित पालिकामै लगाउनु पर्ने हुन्छ ।


नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २



नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# भारतीय नौसेना उड्डयन राष्ट्रपति रंगबाट सम्मानित हुने

यस हप्ताको अन्त्यमा भारतीय नौसेना उड्डयनले राष्ट्रपति रामनाथ कोविन्दको हात बाट राष्ट्रपति रंग प्राप्त गर्नेछन्।

राष्ट्र को लागी असाधारण सेवा प्रदान गरेकोमा यस एकाइले यस्तो सर्वोच्च सम्मान पाउन लागेको हो।

रक्षा मन्त्रालयले बुधवार जारी गरेको एक प्रेस विज्ञप्ति अनुसार राष्ट्रपतिको रंग को पुरस्कार बाट सम्मानित हुनु एक उच्च व्यावसायिक मापदण्ड र नौसेना उड्डयन को उत्कृष्ट संचालन प्रदर्शन को प्रमाण हो। यस एकाइले राष्ट्र को सेवा मा आफूलाई विशिष्ट बनाएको छ।

सेप्टेम्बर महिनाको ६ तारिख मा गोवाको आइएनएस हंसा मा आयोजना हुने एक औपचारिक परेड मा यस एकाइलाई सम्मानित गरिनेछ।

नौसेना उड्डयन को लामो यात्रा

सन् १९५१ जनवरी १३ तारिख मा भारतीय नौसेना उड्डयन ले पहिलो सामुद्रिक भूमि विमान संचालनमा ल्याएका थिए। सन् १९५३ मे महिनाको ११ तारिख मा पहिलो नौसेना हवाइ अड्डा आइएनएस गरुड को संचालन भएको थियो।

सन् १९५८ मा एक सशस्त्र विमान संचालन मा ल्याइयो र विस्तारै नौसेना उड्डयनले एक विशाल नौसेनाको विस्तार गर्दै लग्यो।

अर्को वर्ष भारतीय नौसेना उड्डयन ले भारतीय नौसेना हवाइ स्क्वाड्रन ( आईएनएएस) ५५० सहित १० वटा सिल्याण्ड, १० बटा फायरफ्लाई र तीन एचटी -२ विमानहरु संचालन मा ल्यायो। विस्तारै उडड्यन ले आफ्नो सेवा बिस्तार गर्दै लग्यो। उड्डयन ले एलोवेट विमान, एस ५५, सिकिङ्ग ४२ए र ४२बी, कामोभ २५, २८ र ३१, युएच३एच, हल्का उन्नत हेलीकाप्टर र एमएच६०आर पनि आफ्नो सेवा मा थप्यो।

सन् १९७६ मा भारतीय वायुसेनाले समुद्री टोही (एमआर) को पनि विस्तार गर्यो। सन् १९७७ मा आईएल -३८ र १९८९ मा टीयू १४२ एम समावेश गरियो। सन् १९९१ मा डोरनियर २२८ र २०१३ मा बोइङ पि ८१ समावेश गरियो।

सन् १९५७ आइएनएस विक्रांत को समावेश ले भारतीय उड्डयन झन् शक्तिशाली बनेको थियो। त्यसपछि समुद्री हक र एलाइज स्क्वाड्रन पनि उड्डयना मा थपियो।

सन् १९६१ मा गोवाको स्वतन्त्रता मा आईएनएस विक्रान्तले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। सन् १९७१ मा भारत-पाक युद्धमा यसको उपस्थिति निर्णायक साबित भएको थियो।

८० को दशकमा आइएनएस विराट र एतिहासिक हैरियर्स को जोडाइले भारतीय नौसेना को वाहक संचालन झनै बलियो बन्यो।

पछिल्लो दशकमा शक्तिशाली आईएनएस विक्रमादित्यमा मिग २ के को आगमनले यसलाई थप शक्ति प्रदान गर्यो।

गत महिना,स्वदेशी निर्मित विमान वाहक, आईएनएस विक्रान्त को नयाँ अवतार ले भारतीय नौसेनाको शक्ति थप वृद्धि भएको छ।

भारतीय तटमा बलियो उपस्थिति

भारतीय तट र अण्डमान र निकोबार टापुमा भारतीय नौसेना उड्डयनको हाल नौ वटा हवाइ अड्डा रहेको छ।

विगत सात दशकमा यो एकाइ आधुनिक, प्राविधिक र उन्नत शक्तिमा परिणत भएको छ। यस एकाइ सँग हाल २ सय ५० भन्दा बढि विमान, समुद्री टोही विमान, हेलिकप्टरहरु र दुर्गम पाइलट विमान आरपीए रहेका छन्।रु

लडाकु विमान ले तीनै आयामहरुमा नौसेना संचालनलाई समर्थन गर्न सक्छ र हिन्द महासागर क्षेत्र मा समुद्री निगरानी र एचएडीआर को लागी कार्य गर्न सक्दछ।

विभिन्न अभियान जस्तो अप्ट क्याक्टस, ओपी बृहस्पति, ओप शील्ड, ओप विजय र ओप पराक्रम मा नौसेना उड्डयनले आफैंलाई प्रखर बनाएको छ।

यसले भारतीय नौसेनाको तर्फबाट एचएडीआर अभियानमा नेतृत्व गरेको छ। धेरै आईओआर राष्ट्रहरुलाई राहत प्रदान गरेको छ। सन् २००४ को ओप कास्टर, सन् २००६ को ओप सुकुन, सन् २०१७ को ओप सह्यम, सन् २०१८ को ओप मदाद, सन् २०१९ को ओप सहायता र भर्खरै मे २१ मा चक्रवात मा यसले बचाव अभियान सञ्चालन गरेको थियो।

नौसेना उड्डयनले महिलालाई पनि समान अवसर प्रदान गरेको छ। उनीहरु आज आफ्ना पुरुष समकक्षहरु संग काँधमा काँध मिलाएर काम गर्न सक्षम छन्।

नौसेना मा कार्यरत विभिन्न कर्मीचारी ले एक महावीर चक्र, छ वीर चक्र, एक कीर्ति चक्र, सात शौर्य चक्र, एक युद्धसेवा पदक र थुप्रै नौ सेना पदक ( वीरता) प्राप्त गरेका छन्।

# अफगानिस्तान संकट : के भारत साधै पर्खिने र हेरिरहने मात्र हो ?

अफगानिस्तानबाट अमेरिका सेना फिर्ता भएपछि तालिबानले देशको पूर्ण नियन्त्रण लिएको छ। यसका साथै देशमा धेरै अनिश्चितता फैलिएको छ। अफगानिस्तान मा भारतले गरेको लगानी र पूर्वाधार विकास धराप मा छ। यतिमात्र नभएर तालिबान को यस कब्जाले नयाँ दिल्ली को लागी सुरक्षा सम्बन्धी धेरै चिन्ता बढाएको छ।

दोहामा भारतीय राजदूत र तालिवान नेता बीच भेट

ऐतिहासिक घनिष्ठता र सम्बन्ध का कारण र एक छिमेकी भएको नाताले, भारत अफगानिस्तान मा भइरहेको घटनाक्रम प्रति उदासीन रहन सक्दैन। विगत केही महिनादेखि भारतीय सुरक्षा अधिकारीहरु र कूटनीतिज्ञहरु तालिबान प्रतिनिधिहरु संग छलफल मा रहेको बुझिएको छ। तर पहिलो पटक सरकारले सार्वजनिक रुपमा यस्तो बैठक लाई स्वीकार गरेको छ।

विदेश मन्त्रालयले मंगलबार जारी गरेको विज्ञप्ति अनुसार कतारका लागि भारतीय राजदूत दीपक मित्तल र तालिबानको राजनीतिक कार्यालयका प्रमुख शेर मोहम्मद अब्बास स्टेनकजई बीच भेट भएको छ।

विदेश मन्त्रालयले जारी गरेको विज्ञप्ति मा भनिएको छ, " सो बैठक रक्षा, सुरक्षा र अफगानिस्तानमा फसेका भारतीय नागरिकहरुलाई चाँडै फर्काउने विषयमा केन्द्रित थियो। भारत आउन चाहने अफगानी नागरिकहरु, विशेष गरी अल्पसंख्यकहरु, का बारे पनि छलफल भएको थियो।"

अझै पनि काबुलमा धेरै भारतीयहरु फसेका छन्

अफगानिस्तानबाट सबै भारतीयहरुको सुरक्षित फिर्ती नै भारतको प्राथमिकता बनेको छ। अमेरिकी सेना फिर्ता गएपछि काबुल विमानस्थल सम्पुर्ण रुपमा तालिबानको नियन्त्रणमा छ। लगभग १ सय ४० भारतीय र सिख समुदायका सदस्यहरु अझै काबुलमा फसेका छन्, र उनीहरुलाई फिर्ता ल्याउनु नै हालको प्राथमिकता हो।

हालसम्म भारतले १ सय १२ अफगानी नागरिक सहित ५ सय ५० भन्दा धेरै मानिसहरुलाई दिल्ली ल्याएको छ।

सरकारलाई सुरक्षा चिन्ता छ र प्रत्येक भिसालाई कडाईका साथ नियमन गरीरहेको छ।

विदेश मन्त्रालयको बयान अनुसार तालिबान नेताले भारतीय राजदूतलाई सबै मुद्दाहरु "सकारात्मक रुपमा सम्बोधन" गरिने भनेर आश्वासन दिएका छन्।

अफगानिस्तानमा भारतको पूर्वाधार र लगानी जोखिममा

भारत तालिबान संग संलग्न हुने वा नहुने भनेर दुविधामा फसेको छ। अफगानिस्तान मा भारतीय हित सुरक्षित गर्न नयाँ दिल्ली हर सम्भव प्रयास गरिरहेको छ।

भारतले यस बर्षको शुरूमा भारत-अफगानिस्तान मैत्री बाँध पछि दोस्रो ठूलो बाँध बनाउने घोषणा गरेको थियो। भारतले अफगानिस्तानको राजधानीमा संसद भवन पनि बनाएको थियो। भारतले अफगानिस्तान- नयाँ दिल्लीलाई सामुद्रिक भूमि पहुँच दिन चाबहार बन्दरगाह विकास गरेको थियो। अब यसमा पनि प्रश्न उठाइने छ।

भारतलाई सुरक्षाको चिन्ता

सन् १९९० मारु तालिबानको राजमा थुप्रै घट्ना भएको थियो। त्यसकारण वर्तमान परिस्थितिमा शान्ति र स्थायित्व को मुद्दा मा असंख्य प्रश्नहरु उठेका छन्। अल कायदा, इस्लामिक स्टेट-खोरासान प्रान्त, हक्कानी नेटवर्क, र तेहरिक-ए-तालिबान पाकिस्तान जस्ता आतंकवादी समूहहरुको लागि अफगानिस्तान सुरक्षित गढ बन्दै आएको छ। भारतलाई हक्कानी समूह बारे चिन्ता छ। हक्कानी समुहको नेता सिराजुद्दीन हक्कानी हुन् र उनी तालिबानको उपनेता पनि हुन्। सन् २००८-२००९ मा भारतीय दूतावास मा भएको हमला का लागी यही समुह जिम्मेवार थियो। सो हमलामा भारतीय कूटनीतिज्ञ सहित ७५ भन्दा बढी मानिसहरुको मृत्यु भएको थियो। साथै तालिबान पाकिस्तानकोरु कठपुतली भएको पनि विश्वास गरिन्छ।

हाल सबै जना पाकिस्तान र तालिबानको गोप्य सम्बन्ध बारे कुरा गरिरहेका छन्। तालिबान ले यति सजिलै अफगानी सेना माथि जित हासिल गरेको देखेर पुरा विश्वाश चकित परेको छ। अमेरिकी सेनाले अफगानी सेनालाई हतियार आफुर्ति गर्नु का साथै प्रशिक्षण पनि दिएको थियो। तर पनि अफगानी सेनाले सजिलै हार माने। धेरै पाकिस्तानीहरूले देशमा तालिबानको विजय मनाएका थिए। तालिबानले काबुल कब्जा गरेपछि पाकिस्तानका धेरै इस्लामिक संगठनहरुले मिठाई बाँडेका थिए।

भर्खरै, पाकिस्तान अधिकृत कश्मिर ( पीओके) मा तालिबानका समर्थकहरु ले एक ऱ्यालीरु निकालेका थिए। सो बारे थुप्रै भिडियो बाहिर आएका थिए। जसमा पाकिस्तान स्थित आतंकवादी समूहहरु जैश-ए-मोहम्मद र लश्कर-ए-तैयबा का कार्यकर्ताहरु रैलीमा भाग लिएका र विजयउत्सव मनाउने हावा मा गोली प्रहार गरिरहेका देखिन्थे।

तालिवानले भारतीय एयरलाइन्सको विमान अपहरण गरेको घट्ना अझै ताजा छ। सन् १९९९ मा भारतीय एयरलाइन्सको एउटा विमान अपहरण गरी अफगानिस्तानको कंधारमा अवतरण गरिएको थियो।

यात्रीहरुको सुरक्षित रिहाइ को बदलामा भारतले तीन पाकिस्तानी आतंकवादीहरुलाई रिहा गर्नुपरेको थियो। पछि तालिबानले विमान अपहरणकर्ता र रिहा भएका बन्दीहरुलाई पाकिस्तान पठाएको थियो। यो घटना पाकिस्तानद्वारा प्रायोजित आतंकवादी समूह र तालिबानले मिलेर के गर्न सक्छन् भन्ने एउटा प्रमुख उदाहरण हो।

तालिबानको अधीनमा रहेको अफगानिस्तान पाकिस्तानमा सक्रिय आतंकवादी समूहहरुको लागि सुरक्षित आश्रयस्थल र प्रशिक्षण स्थल बन्ने डर त्यति नै छ। – इण्डिया न्यूज नेटवर्क




## आपराधिक ग्याङहरूलाई राजनीति संरक्षण

इस्लामाबाद । पाकिस्तानमा आन्तरिक मामिला मन्त्रीले सिन्धस्थित आपराधिक ग्याङहरूलाई केही राजनीतिज्ञहरूले संरक्षण गरेको टिप्पणी गरेका छन् । सिन्ध प्रान्तमा सक्रिय शसस्त्र डाकु ग्याङहरूलाई केही राजनीतिक स्वार्थ भएकाहरूले संरक्षण गरेको आन्तरिक मामिला मन्त्री शेख रासिद अहमदले टिप्पणी गरे । सिन्ध प्रान्तमा केन्द्र सरकारले गभर्नर शासन लागु नगर्ने पनि उनले स्पष्ट पारे । सिन्ध प्रान्तको आन्तरिक मामिलामा प्रधानमन्त्री इमरान खानले हस्तक्षेप गर्न नचाहेको उनले बताए । सिन्ध प्रान्तको कात्चा क्षेत्रमा सक्रिय आपराधिक ग्याङ हटाउन केन्द्र सरकार पनि लागि परेको उनले बताए । आपराधिक ग्याङविरुद्ध प्रहरीलाई सहयोग गर्न सिन्ध रेन्जरहरू पनि तयार रहेको उनले बताए । आवश्यक भएमा रेन्जरहरू खटाउन सिन्ध सरकारको बिशेषअधिकार रहेको पनि उनले बताए । सिन्धमा आपराधिक ग्याङको बिषयबारे प्रधानमन्त्री खानलाई रिपोर्ट पेश गर्ने पनि शेखले बताए । केन्द्र सरकारले मुत्ताहिदा क्वामी अभियानलाई समर्थन गर्ने बताउँदै आर्थिक अनियमितता गर्ने प्रान्तका सरकारी अधिकारीहरूमाथि कारबाही हुने उनले बताए । सिन्धमा समस्याको रुपमा रहेको आपराधिक ग्याङविरुद्ध केन्द्र र प्रान्त सरकारले सहकार्य गर्नेबारे प्रान्तीय मुख्य मन्त्रीसँग वार्ता भएको पनि शेखले बताए । सिन्ध प्रान्तका विभिन्न आदिवासी क्षेत्रहरूमा शसस्त्र आपराधिक ग्याङहरू सक्रिय रहेका छन् ।

## जिल्ला समाचार

### प्रदेश २ को सरकारमा एकीकृत समाजवादीलाई पनि ल्याउने

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले सत्ता समीकरण मिलाउने कसरत गरिरहेका छन् । माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी)लाई सरकारमा सामेल गराउने तयारी गरिएको हो । उनले यसअघि पनि माधव समूहलाई सरकारमा ल्याउने प्रयास गरेका थिए । तर, विभिन्न कारणले सम्भव भएको थिएन । प्रदेश २ मा अहिले जनता समाजवादी पार्टी ( जसपा)को नेतृत्वमा नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)को गठबन्धन सरकार छ । कांग्रेस र माओवादीलाई सरकारमा सहभागी गराउन मुख्यमन्त्री राउतले यसअघि ६ मन्त्रालय फुटाएर १० वटा बनाएका थिए । यहाँ जसपाका चार, कांग्रेसका तीन र माओवादीका एक मन्त्री छन् । दुई मन्त्रालय मुख्यमन्त्री राउतले आफ्नै मातहतमा राखेका छन् । मुख्यमन्त्री राउत मातहत रहेका वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि र कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय एकीकृत समाजवादीलाई दिने तयारी रहेको बुझिएको छ ।

### प्रदेश १ का मुख्यमन्त्री संकटमा

विराटनगर । प्रदेश १ मा भीम आचार्यको मुख्यमन्त्री पद संकटमा परेको छ । उनले गत बिहीबार पदभार सम्हालेका हुन् । सरकार बनेको दिनदेखि नै ढाल्ने कसरत सुरु भएको छ । एमाले सरकार टिकाउने खेलमा लागेको छ भने विपक्षी गठबन्धन सरकार परिवर्तनको खेलमा लागेको छ । नेकपा एकीकृत समाजवादी, माओवादी केन्द्र, नेपाली कांग्रेस, जनता समाजवादी तथा साना दुई दलका सांसदहरु सरकार परिवर्तनमा लागेका छन् । प्रदेश १ का निवर्तमान मुख्यमन्त्री शेरधन राई विदा भएर आचार्य आएसँगै एकीकृत समाजवादीका नेता राजेन्द्र राई आफनो नेतृत्वमा सरकार बनाउने कसरतमा लागेका छन् । एकीकृत समाजावादीमा १० जना सांसद खुलिसकेका छन् । राजेन्द्रकुमार राई, खिनु लङ्बा, सावित्रीकुमारी रेग्मी, राजन राई, कृष्णकुमारी राई, गणेशकुमार काम्बाङ, सुनिताकुमारी चौधरी, सरिता थापा, उपेन्द्र घिमिरे, पदमकुमारी गुरुङ माधव नेपाल पक्षामा खुलेका छन् । राजेन्द्र, गणेशकुमार र कृष्ण कुमारी एकीकृत समाजवादीको केन्द्रीय सदस्य पनि हुन् । भदौ महिनाभित्रै सरकार बनाइसक्ने समाजावादीका केन्द्रीय सदस्य तथा प्रदेश सांसद राजेन्द्र राईले न्युज कारखानालाई बताए । चार पाँच दिनदेखि अब कसरी अगाडि बढ्ने भन्ने रणनीति बनाइरहेको राईले जानकारी दिए । एमाले, माओवादीलगायतका दलहरुसँग पनि छलफल भइरहेको उनको भनाइ छ । प्रदेश १ मा ९३ सांसद रहेकोमा माओवादी केन्द्रका सांसद टंक आङ्वोहाङ एमाले प्रवेश गरेपछि ९२ छन् । उनको सांसद पद गुमिसकेको छ । एमालेमा ५१, कांग्रेसमा २१, माओवादी केन्द्रमा १५, जनता समाजवादीमा तीन, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र राप्रपामा एक/एकजना छन् । एमालेका ५१ सांसदमध्ये गुलेफुन खातुन उच्च अदालत विराटनगरले किर्ते कागज मुद्दामा दोषी ठहर गरेदेखि फरार छन् । बाँकी रहेका ५० जना सांसदमध्ये १० जना समाजवादीमा संगठित भएपछि एमाले ४० सांसदमा सीमित बनेको छ। मुख्यमन्त्री आचार्यलाई प्रदेशसभामा बहुमतसिद्ध गर्न ४६ सांसद आवश्यक छ । तर, उनीसँग ४० सांसद मात्रै भएपछि अल्पमतमा परेका हुन् । यतिबेला मुख्यमन्त्री आचार्य जनता समाजवादीका तीन र अन्य साना दलका दुई र एकीकृत समाजवादीतर्फ गएका एक सांसद तानेर बहुमत जुटाउने रणनीतिमा लागेका छन् ।

### बेचबिखनमा संलग्न २ जना पक्राउ

पर्सा । बेचबिखनमा परेका ७ जना पीडित महिलाहरुलाई भारतको विहार राज्य पूर्वी चम्पारण थाना छौंडादानो नगर पञ्चायत छौंडादानो-११ आदापुर बजार भन्ने स्थानबाट उद्धार गर्नुका साथै उक्त कार्यमा संलग्न २ जनालाई वीरगंज महानगरपालिका-१६ इनर्वाबाट प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत बिहार पूर्वी चम्पारण थाना छौंडादानो नगर पञ्चायत छौंडादानो-११ ठेगाना भएका २५ वर्षीय विकास भन्ने विकेश कुमार र धनुषा लगराइन बस्ने २४ वर्षीया ममता कुमारी भन्ने अजिमा खातुन रहेका छन् । विभिन्न जिल्लाबाट ७ जना महिलाहरुलाई भारतको विहार राज्य पूर्वी चम्पारण थाना छौंडादानो नगर पञ्चायत छौंडादानो- ११ आदापुर बजार भन्ने स्थानमा पुर्याकई बेचबिखन भइरहेको भन्ने सूचना जिल्ला प्रहरी कार्यालय पर्सामा प्राप्त भएपश्चात खटिएको प्रहरीले भारतीय काउन्टरपार्ट्ससँग समन्वय गरी आफन्त नेपाल संस्थासँगको सहकार्यमा ती महिलाहरूको उद्दार गरेको हो । विकेश र अजिमाले अर्केष्ट्रामा आकर्षक तलब हुने काम लगाइदिने प्रलोभन देखाई विश्वासमा पारी भारतको छौंडादानो भन्ने स्थानमा लगेर अँध्यारो कोठामा राखी भारतकै विभिन्न स्थानमा पठाई रकम लिई निजहरूको इच्छाबिपरीत बिनापारिश्रमिक नाचगान गराई शारीरिक तथा मानसिक यातना दिई श्रमशोषण गरेको र बेचबिखन गर्ने उद्देश्यले अन्यत्र पठाउने तयारी भइरहेको अनुसन्धानको क्रममा खुल्न आएको छ । उनीहरु उपर जिल्ला अदालत पर्साबाट ५ दिन म्याद थप गरी मानव बेचबिखन कसूरमा अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### सर्पदंश उपचारसम्बन्धी तालिम

नेपालगञ्ज । बाँकेको नेपालगञ्जमा चिकित्सक र स्वास्थ्यकर्मीलाई सर्पदंश उपचारसम्बन्धी तालिम दिइएको छ । लुम्बिनी प्रदेश स्वास्थ्य तालिम केन्द्रको आयोजना तथा फेरमेडको सहयोगमा भेरी अस्पताल परिसरमा सञ्चालन गरिएको तालिममा २० जना सहभागी रहेको भेरी अस्पतालका एनेस्थेसिया विभागका डा. पारस पाण्डेले जानकारी दिए । वर्षातमा तराईका जिल्लामा सर्पदंशका घटना हुने भएकाले उपचारमा सहज होस् भनेर तालिम प्रदान गरिएको उनले बताए । सर्पदंशबाट कसरी बच्ने, डसिहालेमा कसरी प्राथिमक उपचार गराउने र स्वास्थ्य संस्था पुऱ्याउने भनेर प्रशिक्षण दिइएको छ ।

### सामूहिक बलात्कारको आरोपमा पक्राउ

रौतहट । तीन जना युवकहरू मिलेर १५ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । रौतहटको माधवनारायण नगरपालिका-३ का अन्दाजी २५ वर्षीय किशन सहनी र अन्य जना मिलेर किशोरीलाई मंगलबारर घाँस काट्न गएको बेला डरत्रास देखाई बलात्कार गरेको प्रहरीले जनाएको छ । दलित समुदायकी किशोरीलाई युवकहरूले एकान्तमा देखेपछि मुख थुनेर, डर देखाई बलात्कार गरेको प्रारम्भीक अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ । माधवनारायण नगरपालिका- ५ स्थित सिसौघारीमा लगेर तीन जनाले बलात्कार गरेको पीडित किशोरीले प्रहरीलाई बताएकी छिन् । पक्राउ परेका आरोपी सहनीलाईमाथि अनुसन्धान भइरहेको र अन्य फरार २ जनाको खोजी भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी श्रीराम भण्डारीले जानकारी दिए ।

### नदीमा डुबेर महिलाको मृत्यु

कैलाली । गौरीगंगा नगरपालिका-३ कुचैनीस्थित शिबगंगा नदीमा डुबेर एक महिलाको मृत्यु भएको छ । नुहाउने क्रममा डुबेर सोही ठाउँ बस्ने ५२ वर्षीय ढिग्रा चौधरीको बुधबार साँझ मृत्यु भएको छ ।

### भि□ामोड नाका पुनः सञ्चालन

महोत्तरी । महोत्तरीको मूल भन्सार भिट्ठामोड सीमानाका करिब १७ महिनापछि पुनः सञ्चालनमा आएको छ । महोत्तरीको जलेश्वरस्थित मूल भन्सार भिट्ठामोड सीमा नाकाको मुख्य बाटोबाटै सञ्चालनमा आएको हो । कोरोना महामारीका कारण २०७६ चैत ११ गतेदेखि बन्द रहेको नाका बन्द गरिएको थियो । जसका कारण सर्वसाधारणहरू छेउछाउबाट आवतजावत गर्ने गर्दै आएका थिए । जलेश्वर नगरपालिकाको सीमासँगै जोडिएको वडा नम्बर ३ मलिवाराका वडाध्यक्ष सञ्जय पाण्डेको नेतृत्वमा करिब १०० जनाले सीमा नाकामा धर्ना बसेपछि सर्वसाधारणको आवतजावत खुला गरिएको हो । नाकाबाट मालवाहक ट्रक, टिपरलगायत साधन लकडाउनका बेला पनि निर्बाध आवतजावत हुने गरेको भए पनि सर्वसाधारणलाई रोक लगाइएको थियो । भन्सार भएरै पैदल यात्रुलाई आवतजावत गर्न नदिएपछि उनीहरू ५०० मिटर टाढा खोल्सीको बाटो हुँदै नेपाल-भारत आउजाउ गर्दै आएका थिए । नाकाबाट पैदल आवागमन शुरू भए पनि सार्वजनिक तथा निजी सवारी साधन अझै सञ्चालन भएको छैन । मालवाहक गाडीहरू पहिले झैं आउजाउ गरिरहेको जलेश्वर भन्सार कार्यालयले जनाएको छ । अहिले पनि औपचारिक रुपमा नेपाल भारतको सीमा नाका बन्द नै रहेको छ ।

## कला/साहित्य

कमल मण्डल



# कोरियोग्राफर अश्विनीलाई 'राष्ट्रिय व्यक्तित्व तथा स्रष्टा



राष्ट्रिय युवा प्रतिभा सम्मान २०७७ बाट सम्मानित नेपालका चर्चित पेजेन्ट कोरियोग्राफर अश्विनी कान्त झा लाई "राष्ट्रलाई पुऱ्याएको योगदान विशिष्ट व्यक्तित्व तथा स्रष्टालाई विशेष सम्मान" भन्ने मूल नाराका साथ रिवन इन्टरटेन्मेन्टको ७ औं बार्षिकोत्सबको अवसरमा आयोजना गरिएको "राष्ट्रिय व्यक्तित्व तथा स्रष्टा सम्मान २०७८ " बाट सम्मानित गरिएको छ। कोरियोग्राफर अश्विनीलाई उक्त कार्यक्रममा प्रमुख अतिथी, गणतन्त्र नेपालका प्रथम उपराष्ट्रपती परमानन्द झा, विशेष अतिथि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रताप बाबु तिवारी, विशिष्ट अतिथि नेपाली चलचित्रकी प्रथम नायिका भुवन चन्द र आयोजक रिवन इन्टरटेन्मेन्टका सि. ई. ओ. तथा निर्देशक निशु कान्त झाले संयुक्त रुपमा सम्मानित गर्नुभएको छ। विगत लामो समयदेखि पेजेन्ट तथा फेशन कोरियोग्राफरको रुपमा अनवरत आफ्नो उत्कृष्टता प्रदान गर्दै आएका झाले थुप्रै राष्ट्रिय तथा अन्तराष्ट्रिय अवार्डका साथै सम्मान प्राप्त गरेका छन। फेशन डिजाईनर काउन्सिल अफ नेपालका सल्लाहकार समेत रहेका कोरियोग्राफर अश्विनी नेपालका चर्चित, व्यस्त तथा सफल कोरियोग्राफरमा पर्दछन्।

कोरियोग्राफर झा सम्मानित भएको उक्त विशेष समारोहमा चलचित्र, सङ्गीत, समाजसेवा, मनोरंजन, फेसन डिजाईन, पेजेन्ट लगायतका क्षेत्रमा कार्यरत विभिन्न व्यक्तित्वहरूलाई पनि उक्त समारोहमा सम्मानित गरिएको छ। अभिनेता धिरेन शाक्य, प्रदीप बास्तोला, शुशिल श्रेष्ठ, अभिनेत्री साक्षी लम्साल, हास्य अभिनेता गोपाल ढकाल (छन्दे), फिल्म निर्देशक सुदर्शन थापा, राजु अधिकारी, म्युजिक भिडियो निर्देशक बिधान कार्की, फिल्म निर्माता नबिन अधिकारी, फिल्म लेखक शिवम अधिकारी , संगीतकार अर्जुन पोखरेल, गीतकार दयाराम पाण्डे, कोरीयोग्राफर रामजी लामिछाने, फेसन डीजाइनर अमित झा, मिसेस एशिया प्यासिफिक / मिसेस नेपाल इन्टरनेसनल चन्दा थापा गिरी, पेजेन्ट निर्देशक बालकृष्ण पोखरेल र प्रिती कार्की, अटो व्यवसायी तथा नाडाका केन्द्रिय सचिव अनुप के. बराल लगायत ६ दर्जन भन्दा बढी स्रष्टा तथा राष्ट्रमा आफ्नो उल्लेखनीय योगदान पुर्याउनु भएका व्यक्तित्वहरु सम्मानीत भए। उक्त कार्यक्रम म्युजिक सिटी हल, बालकुमारी, ललितपुरमा सम्पन्न भएको थियो।

# बाढीपहिरो पीडितलाई राहत सामग्री वितरण



वीरगन्ज, १६ भाद्र। नेपाल-भारत महिला मैत्री समाजले पर्साका बाढीपहिरो पीडितलाई राहत सामग्री प्रदान गरेको छ। बुधबार वीरगञ्जस्थित भारतीय वाणिज्य दूतावासमा आयोजित एक कार्यक्रममा पर्साका विभिन्न चार स्थानीय तहका करिब एक सय बाढीपहिरो पीडित परिवारलाई राहत सामग्री दिइएको समाजकी अध्यक्ष चन्दा चौधरीले जानकारी दिइन्। बाढीपहिरोपीडितलाई सहयोग गरेकोमा चौधरीले धन्यवाद दिँदै नेपाल भारत सम्बन्ध जनस्तरमा कहिल्यै पनि कमजोर नहुने विश्वास व्यक्त गरिन्। 'नेपाल भारतको सम्बन्ध दुःखसुखको सम्बन्ध हो। यो राजनीतिकस्तरमा भन्दा कैयौं गुणा जनस्तरमा दुई देशका जनताबीच बलियो छ', उनले भनिन्।

पर्साको जनगरनाथपुर गाउँपालिकाका ४१ घरधुरी, जिराभवानी गाउँपालिकाका २४ घरधुरी, वीरगञ्ज महानगरपालिकाका १६ र पर्सागढी नगरपालिकाका १६ बाढीपहिरो पीडित परिवारलाई टेन्ट, सुकुल गरी ३५ लाखभन्दा बढी मूल्य बराबरको सामग्री प्रदान गरिएको छ।

भारत सरकारको सहयोगबाट प्राप्त राहत सामग्री संघीय सांसद चन्दा चौधरी, भारत वाणिज्य दूतावासका महावाणिज्य दूत नितेश कुमार, पोलिटिक कन्सुलर शैलेन्द्र कुमार, कन्सुलर शशी भूषणको विशेष उपस्थितमा वितरण गरिएको थियो।

# भारतद्वारा राहत सामग्री हस्तान्तरण



काठमाडौं। भारत सरकारले नेपालका बाढी पहिरो प्रभावितका लागि राहत सामग्री हस्तान्तरण गरेको छ।

मिशन उप-प्रमुख नामग्या खम्पाले भारत सरकारको तर्फबाट नेरु. आठ करोड बराबरको राहत सामाग्री नेपाल-भारत महिला मैत्री समाजकी अध्यक्ष तथा सांसद चन्दा चौधरी र प्राज्ञिक विद्यार्थी परिषद्का अध्यक्ष नारायण ढकाललाई हस्तान्तरण गरेकी हुन्।

नेपालका १५ जिल्लाहरुमा बाढी तथा पहिरोबाट प्रभावित परिवारहरुका लागि वितरण गर्न लागिएको सो राहत सामग्रीमा टेन्ट, प्लास्टिक सिट, स्लीपिङ्ग म्याट र औषधिहरु रहेको भारतीय दूतावासले जनाएको छ।

बाढी र पहिरोका कारण जनजीवनमा पुगेको क्षतिलाई दृष्टिगत गर्दै स्थानीय सरकारसँगको समन्वयमा नेपाल-भारत महिला मैत्री समाज र प्राज्ञिक विद्यार्थी परिषद्मार्फत सो राहत सामाग्री चार प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, धनुषा, महोत्तरी, सिराहा, सप्तरी, रुपन्देही, गोरखा, मनाङ, सिन्धुपाल्चोक, रसुवा, दोलखा र धादिङ जिल्लामा वितरण गरिनेछ।

# 'ग्लोबल टीन हीरो' का अन्तिम २० प्रतियोगीसँग अन्तरक्रिया

काठमाडौं। नेपालस्थित भारतीय दूतावास र एम/एस ग्लोबल प्राइभेट लिमिटेडले 'ग्लोबल टीन हीरो' कार्यक्रमका अन्तिम २० जना प्रतियोगीबीच भर्चुअल अन्तरक्रिया गरेको छ।

नेपालका विभिन्न जिल्लाबाट आएका १४ देखि २० वर्ष उमेर समूहका अन्तिम २० प्रतियोगीहरुसँग दूतावासका नियोग उप-प्रमुख नामग्य खम्पाले अन्तरक्रिया गरिन। २० सहभागीहरुमा सामाजिक उद्यमी, अभियन्ता, शिक्षक लगायत नवीन सोच भएका व्यक्तिहरु थिए।

प्रतियोगीहरुले आफ्ना व्यक्तिगत जीवन कथा र आफूले गरेका कामहरुको अनुभव एक आपसमा साटासाट गर्नुका साथै आफ्ना समुदाय, आफ्ना परिवार र आफू स्वयमका लागि साँचेका भविष्यका आकांक्षाहरुबारे बताएका थिए। आ-आफ्ना समुदायको विकासका लागि प्रत्येक प्रतियोगीले आफ्नै तवरबाट योगदान पुऱ्याएका छन् र सानै उमेरमा उनीहरुले देखाएको साहस, उनीहरुले पुऱ्याएको योगदान र हासिल गरेका उपलब्धिहरुलाई कदर गर्न हेतु उनीहरुलाई प्रतिष्पर्धी Global 20under20 को रुपमा छनौट गरिएको हो।

अन्तरक्रियामा बोल्दै नियोग उप-प्रमुख खम्पाले पहलकदमी थालनीको महत्वबारे चर्चा गर्दै प्रत्येक प्रतियोगीहरुले परिवर्तनको सम्वाहक बन्न देखाएको जोश र उत्साहको सराहना गरिन्। ती प्रतियोगीहरु नेपाल र भारत-नेपाल सम्बन्धको भविष्य भएको बताउँदै खम्पाले उनीहरुलाई समुदाय, समाज र देशको रुपान्तरणतर्फ काम गर्न प्रेरित गरिन्। उनले प्रतियोगीहरुलाई क्षेत्रीय सम्बन्ध विस्तारमा जोड दिन आग्रह गर्दै नेपालको मात्र नभई सिंगो दक्षिण एसियाको भविष्य कोर्ने नेतृत्वदायी भूमिकामा खरो उत्रिन पनि अभिप्रेरित गरिन्।

## आर्थिक समाचार

### नेपाल लाइफ र नेशनल मर्चेन्ट बैंकरबीच समझदारी पत्रमा हस्ताक्षर

काठमाडौं। नेपालको जीवन बीमा व्यवसायमा अग्रणी रहेको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. ले नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त संस्था नेशनल मर्चेन्ट बैंकर लि. को ५१% संस्थापक शेयर खरिद गर्ने गरी समझदारी पत्र (एमओयू) मा हस्ताक्षर गरेको छ। काठमाडौंमा आयोजित एक समारोहबीच नेपाल लाइफकोतर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईं र नेशनल मर्चेन्ट बैंकरको तर्फबाट प्रमुख कार्यकारी अधिकृत नविन बास्कोटाले सो समझदारी पत्रमा हस्ताक्षर गरेका छन्। नेपाल लाइफले उक्त शेयर खरिद गरेपछि सो कम्पनीको जारी एवं चुक्ता पूँजी रु. ३० करोड हुनेछ। कार्यक्रममा दुबै कम्पनीका संचालक समितिका अध्यक्षहरु र सदस्यहरुको उपस्थित रहेको थियो। कार्यक्रममा नेपाल लाइफका नायब महाप्रबन्धक अमित कयालले नेपाल लाइफ इस्योरेन्सले आफ्नो लगानी इन्भेष्टमेन्ट बैंकर कम्पनीमा गर्न पाएकोमा खुसी व्यक्त गरे। नेशनल मर्चेन्ट बैंकरका प्रमुख कार्यकारी अधिकृत नबिन बास्कोटाले नेपाल लाइफको व्यवस्थापनलाई धन्यवाद दिँदै आगामी दिनमा नेपाल धितोपत्र बोर्डबाट जारी गरिने अन्य इजाजतहरु पनि लिएर एउटा भरोसापूर्ण एवं बलिया बैंकर कम्पनीको रुपमा काम गर्दै जाने बताए। कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल लाइफका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले नेपाल लाइफ जीवन बीमा क्षेत्रमा सवैको विश्वास जितेर उत्कृष्ठ ब्राण्ड रहन सफल भएको बताउँदै अब नेशनल मर्चेन्ट बैंकरलाई पनि नेपालको पूँजीबजारमा सफल कम्पनीको रुपमा स्थापित गरिने बताए।

### आइएमई पे एपबाट क्यु आर स्क्यान गर्दा रू. १००० जित्न सकिने

काठमाडौं। 'एप एक क्यु आर अनेक' भन्ने मूल नारा का साथ अब आइएमई पे एपबाट नेपालमा उपलब्ध सबै क्यु आर स्क्यान गर्दा रू .१ हजारसम्म जित्न सक्ने योजना सार्वजनिक गरिएको छ। उक्त योजना १६ भाद्र देखि १४ असोज २०७८ सम्म लागु हुनेछ। नेपालमा उपलब्ध फोन पे, स्मार्ट क्यु आर, युनियन पे र आइएमई पे क्यु आर सेवाग्राहीहरुले सजिलै आइएमई पे एपबाट स्क्यान गरी भुक्तानी गर्न सक्ने छन्। सबै क्यु आर स्क्यान गरी भुक्तानी गर्न मिल्ने आइएमई पे एप एक मात्र विद्युतीय भुक्तानी सेवा प्रदायक एप हो। नेपालमा क्यु आर स्क्यान गरी भुक्तानी गर्ने व्यवहार बढ्दै गरेको परिप्रेक्षमा नेपाल सरकारको डिजिटल नेपाल अभियानलाई आत्मसात गरी उक्त अभियानमा सहभागी हुँदै आएको आइएमई पेको यो सेवाले डिजिटल नेपाल अभियानलाई थप बल मिल्ने विश्वास गरिएको छ।

### ग्लोबल आइएमई बैंकद्वारा बाढी पीडितलाई राहत वितरण

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडले अविरल वर्षाका कारण नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पश्चिममा आएको विनाशकारी बाढीबाट प्रभावितहरुलाई राहत सामग्री वितरण गरेको छ। बाढीबाट घरबार बिहीन भएकाहरुको जीवनयापनमा सहज होस् भन्ने उद्देश्यले बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यो राहत सामग्री वितरण गरेको हो। बैंकले विपतबाट प्रभावित नवलपरासी जिल्ला बर्दघाट सुस्ता पश्चिम, रामग्राम नगरपालिका वडा नं. १८ पम्फापुरका १३५ घरपरिवारलाई प्रति घरधुरी चामल, चिउरा, दाल, नुन, तेल, बेसार तथा मिनिरल वाटर (पानी)लगायतका सामग्री वितरण गरेको हो। बैंकको लुम्बिनी प्रादेशिक कार्यालयले रामग्राम नगरपालिकासँग समन्वय गरी शाखा कार्यालयहरु भुमही र परासीको संयोजकत्वमा उक्तराहत सामग्रीहरु वितरण गरिएको हो। ग्लोबल आइएमई बैंक लुम्बिनी प्रादेशिक कार्यालय प्रमुख रवि श्रेष्ठ, रामग्राम नगरपालिकाका मेयर नरेन्द्र कुमार गुप्ता तथा रामग्राम नगरपालिका वडा नं. १८ का वडाअध्यक्ष गोपाल डिस्वा मगरको रोहवरमा राहत सामग्रीहरु पम्फापुरमा घरपरिवारलाई हस्तान्तरण गरियो। ग्लोबल आइएमई बैंक लिमिटेडले स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न समयमा मुलुकमा आइपर्ने बाढी, पहिरो, भुकम्प लगायतका प्राकृतिक विपत्तिहरुको समयमा सहयोग गर्दै आएको छ।

# संयुक्त सैन्य अभ्यास असोज ४ बाट हुने

काठमाडौं। नेपाल र भारतीय सेनाबीचको संयुक्त सैन्य अभ्यास असोज ४ बाट भारतको पिथौरागढमा हुने भएको छ। नेपाल र भारतीय सेनाबीच हुने संयुक्त सैन्य अभ्यासलाई 'अभ्यास (एक्सरसाइज) सूर्य किरण'को नाम दिइएको छ। सैन्य अभ्यास मुख्यरुपमा प्रतिआतंकवाद र जंगल वारफेयरमा केन्द्रीत हुनेछ। भारतको उत्तराखण्डको पिथौरागढमा हुने अभ्याससूर्य किरणको यो १५ औं संस्करण हो। पिथौरागढमा असोज ४ बाट सुरु हुने सैन्य अभ्यास कार्तिक १३ गतेसम्म चल्नेछ।

नेपाली सेनाको तर्फबाट प्रमुख सेनानीले नेपाली टोलीको नेतृत्व गर्नेछन्। नेपाली टोलीमा ३०० जनाको फौज हुनेछ। यस्तै भारतीय सेनाको तर्फबाट ३ सय ५० जनाको फौज सैन्य अभ्यासमा सहभागी हुनेछ। यसअघि सूर्य किरणको १४ औं संस्करण नेपालमा भएको थियो। रुपन्देहीको सालझण्डीस्थित नेपाली सेनाको एकीकृत सैनिक तालिम केन्द्रमा 'अभ्यास सूर्य किरण'को १४ संस्करण भएको थियो।

त्यसअघि 'अभ्यास सूर्यकिरण'को १३ औं संस्करण उत्तराखण्डको पिथौरागढमा भएको थियो। नेपालमा भएको १४ संस्करणपछि कोरोना भाइरस संक्रमणका कारण अभ्यास रोकिएको थियो।

# स्थानीय तहलाई वारुणयन्त्र वितरण

जनकपुरधाम। प्रदेश २ सरकारले वारुणयन्त्र लगायतका सामग्रीहरु स्थानीय तहलाई हस्तान्तरण गरेको छ। प्रदेश २ सरकार आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले धनुषाको गणेशमान चारनाथ नगरपालिका, महोत्तरीको रामगोपालपुर नगरपालिका, सम्सी गाउँपालिका, पर्साको प्रसौनी गाउँपालिका र महोतरीस्थित नेपाली सेना मध्यपूर्वी पृतना हेडक्वाटर बर्दिबासलाई बारूण यन्त्र हस्तान्तरण गरेको हो। गणेशमान चारनाथ नगरपालिका प्रमुख रामबाबु यादव, महोत्तरी रामगोपालपुर नगरपालिकाका प्रमुख अशोक मण्डल र सम्सी गाउँपालिकाका उपप्रमुख नगिनादेवी यादव सहितले वारुणयन्त्र बुझेका छन्। गत आर्थिक वर्ष ०७७/०७८ मा तत्कालिन आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्रकुमार यादवले प्रदेश प्रहरी कार्यालय र ८ वटै जिल्ला प्रहरीका लागि करिब ४ करोडको लागतमा ९ वटा वारुण यन्त्र खरिद गरेका थिए।

# जसपा...

वैशाखमा निर्वाचन आयोगमा दर्ता भयो। पहिलो संविधानसभा निर्वाचन २०६४ मा फोरमले ५२ सिट जित्यो।

महन्थ ठाकुरको नेतृत्वमा हृदयेश त्रिपाठी, महेन्द्र राय यादव, रामचन्द्र राय, वृशेषचन्द्र लाल, रामचन्द्र कुशवाह, अनिश अन्सारीलगायतका नेताहरूले २०६४ पुस १३ गते तराई-मधेस लोकतान्त्रिक पार्टी गठन गरेर संविधानसभा निर्वाचनमा भाग लिए। यो दलले ११ सिट जितेको थियो। संविधानसभाको पहिलो निर्वाचनपछि पुष्पकमल दहाल नेतृत्वको सरकारमा बलियो उपस्थित दर्ज गरेको फोरममा दरार पर्न धेरै समय लागेन। भाग्यनाथ गुप्ताले २०६४ भदौ १५ गते फोरम फुटाएर मधेसी जनअधिकार फोरम, मधेस गठन गरे। त्यसपछि त फोरममा पहिरो जान सुरु भयो। अमर यादवले २०६५ चैत ७ गते विभाजन गरेर मधेस तराई फोरम गठन गरे।

दाहालपछि प्रधानमन्त्री बनेका माधव नेपालको सरकारमा जाने विषयमा विवाद भएपछि संसदीय दलका नेता विजयकुमार गच्छदारले २८ सभासद्को साथ लिएर २०६६ जेठमा पार्टी फुटाए। उनले अर्का नेता शरतसिंह भण्डारीको साथमा मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) गठन गरे। फोरम फुटाएका गच्छदारको फोरम लोकतान्त्रिक पार्टी पनि धेरै समय सग्लो रहन सकेन। भण्डारीले २०६९ असारमा राष्ट्रिय मधेस समाजवादी पार्टी गठन गरे। फोरम लोकतान्त्रिक विभाजन गरी संजयकुमार साहले २०६७ पुस ६ गत्ते मधेस क्रान्ति फोरम गठन गरे। २०६८ माघ ६ गते उपेन्द्र झाले नागरिक रक्षा दल गठन गरे।

२०६८ जेठ ९ गते जयप्रकाश गुप्ताले फोरमका राजकिशोर यादवसहित १३ सभासद्सहित मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) पार्टी गठन गरे। बाबुराम भट्टराई नेतृत्वको सरकारमा सञ्चारमन्त्री रहेकै बखत गुप्ता सर्वोच्चबाट भ्रष्टाचारी ठहर भई जेल पुगेपछि कार्यवाहक अध्यक्ष राजकिशोर यादवले पार्टी नेतृत्व गरे। फोरम गणतान्त्रिकका नन्दकुमार दत्तले २०६९ पुस ११ गते उही नामको अर्को पार्टी गठन गरे। फुटको पहिरो फोरममा मात्र सिमित रहेन। महन्थ ठाकुर नेतृत्वको तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) पनि २०६७ पुस १६ बाट फुट सुरु भयो। तमोलोपाका तत्कालिन महामन्त्री महेन्द्र राय यादवले २०६७ पुस १६ मा तमलोपा-नेपाल गठन गरे।

महतो नेतत्वको सद्भावनाका नेता रामनरेश राय यादवले विभाजन गरी २०६८ माघमा राष्ट्रिय सद्भावना पार्टी गठन गरे। उनको राष्ट्रिय सद्भावना पार्टी र तमलोपा विभाजन गरी बनेको महेन्द्र राय यादवको 'तमलोपा-नेपाल'बीच २०७० भदौ १९ मा एकीकरण भएर तराई मधेस सद्भावना नेपाल बन्यो र अध्यक्ष बने महेन्द्र राय यादव। २०७४ वैशाखमा ६ वटा मधेश केन्द्रित दलबीच एकता भएर राष्ट्रिय जनता पार्टी गठन भयो।

२०७६ वैशाखमा संघीय समाजवादी फोरम र बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिबीच एकता भएर समाजवादी पार्टी बन्यो। २०७७ वैशाख १० गते उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकता भएर जनता सामाजवादी पार्टी (जसपा) बन्यो। बलियो मधेशी शक्तिको रूपमा जनता समाजवादी पार्टी बनेसँग मधेशीको चेहरा खुसीले भरिएका थिए।

तर जसरी मधेशी शक्तिको संगठित स्वरूप जसपाको निर्माणले मधेशको मन खुसीले भरिएको थियो त्यसरी नै आज विभाजन हुँदा मन फाटेको छ। मधेशको शक्ति कमजोर हुँदा केवल मधेशी दल वा नेतालाई मात्र होइन मधेश मुद्दालाई समेत कमजोर बनाउँछ। साथ हुँदामा जति शक्ति हुन्छ अलग हुँदा त्यति नै कमजोर हुन्छ , मधेशमा मधेशी नेताहरुले नै आफ्नो तागत आफ्नै कारण कमजोर बनाउन पुगेका हुन।

जसपा विभाजनको बाछिटा राष्ट्रिय राजनीतिमा अवश्य पर्छ। आआफ्नो जुक्तिलाई सान्दर्भिक देखाउन मधेशी नेताहरूले तर्क गरे पनि, उनीहरुको ध्येश सत्ता राजनीति नै हो। दलभित्रको अस्थिरता, सैद्धान्तिक विचलन, संस्थागत कमजोरी र चर्को मूल्य स्खलनले मधेशी नेताहरु संगठन जमानउन असफल भइरहेका छन्। सत्ताको जोडघटाउमा कोही मधेशी नेता बढीमा मन्त्रीसम्म बन्न सक्ला तर मधेशले राष्ट्रलाई दिन खोजेको राजनीति त्यति मात्र होइन। मधेशले राज्य र समाजको रूपान्तरण खोजेको छ, जो जसको जग अहिलेसम्म तयार हुन सकेको छैन।




**मिथिला दर्शन**
टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामस्** ; कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madl gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं